काठमाडौं, जि.प्र.का.
दर्ता नं २३२/०७३/०७४

www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine पाक्षिक

वर्ष ८, अंक ३, २०८० कार्तिक १६ गते | Nov. 02, 2023 | मूल्य रु.१५/






# "लक्ष्मीको आगमन पक्कै हुन्छ"

## सौन्दर्यविद् एवं सफल व्यवसायी सुषमा महरा

नेपालको सौंन्दर्य ब्यवसायलाई स्थापित गर्न महत्वपूर्ण योगदान दिनेमा एक हुन् बरिष्ठ सौंन्दर्यबिद् सुषमा महरा । विगत २६ बर्षदेखि सौन्दर्य व्यवसायमा दत्तचित्त भएर लागिरहेकी छन् महरा । 'बीग व्युटी बिजनेश वुमन' भनेर परिचित भएकी सुषमा भन्छिन्ः 'हामी श्रमिक पनि हौं र श्रमदाता पनि हो ।' उनले संचालन गरेको फेसियल हाउस अहिले देशैभर फैलिएको छ । काठमाडौंको काठमाडौं मल, चाबहिल, चुच्चेपाटीको केयल टावर, सीटीसी मल हुँदै जिल्ला बाहिर पोखरा, सुर्खेत र धनगढीमा समेत फेसियल हाउसको शाखा फैलिसकेको छ ।

नेपालीहरूको महान् दोस्रो चाड तिहारको अवसरमा सौन्दर्यविद् सुषमाको पनि विशेष योजना रहेको छ । सम्पत्तिकी देवी लक्ष्मीको पूजा घरमा धनसम्पत्ति, उत्पादन धेरै आओस् भन्ने उद्देश्यमा गरिएको पाइन्छ । त्यसैअनुरूप हामी पनि लक्ष्मीको विशेष पूजा गरेर तिहारलाई हर्षोल्लास मनाउने तयारीमा छौं, उनले भनिन्ः 'हाम्रा सबै शाखाहरूमा दिपावलीको विशेष कार्यक्रमको तयारी भइरहेको छ ।'

– विस्तृत रिपोर्ट पृष्ठ ५ मा







नेपालीहरुको महान पर्व तिहारको शुभअवसरमा देश तथा विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरु एवम् समस्त विज्ञापन दाता, पाठकवर्ग, ग्राहकवर्ग, स्तम्भकार, समाचारदाता लगायत यस पत्रिकाका शुभचिन्तकहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



म्यूजिक खबर
'स्तरीय एवम् मौलिक सङ्गीतको धार - नेपाली गीतसङ्गीतको आधार'

## रिलिज कर्नर

# लोकराजको शब्द, अर्जुनको संगीतमा शान्ताको "यस्तो भाछ मलाई त"



म्यूजिक खबर । लोकप्रिय गीतकार लोकराज अधिकारीको शब्द सिर्जना एवं अर्जुन पोखरेलको संगीत सिर्जनामा गायिका शान्ता जिसीको नयाँ गीत 'यस्तो भाछ मलाई त' सार्वजनिक भएको छ । जापानमा रहेर नेपाली संगीतलाई निरन्तर साथ् दिईरहेकी सुमधुर स्वरकी धनी गायिका शान्ता जिसीको पछिल्लो गीत हो 'यस्तो भाछ मलाई त' । 'यस्तो भाछ मलाई त'मा गायिका जिसीलाई गायक प्रताप दासले स्वरमा साथ दिएका छन् ।

प्रेमिल जोडीको एक अर्कालाई छोड्न नि नसक्ने तर मायाले बाँधिरहने जोडीको बार्तालापलाई मिठो लयमा ढालेर बनाइएको गीत हो 'यस्तो भाछ मलाई त' । 'यस्तो भाछ मलाई त' गीतको भिडियोलाई काजिस श्रेष्ठले कोरियोग्राफी तथा निर्देशन गरेका छन् । भिडियोमा कजिश श्रेष्ठ, लोमश शर्मा, करिश्मा ढकाल, समरिका ढकालको बेजोड अभिनय छ । अजय रेग्मीको छायाँकन रहेको गीतको भिडियोलाई दिपक विस्टले सम्पादन तथा कलरिङ गरेका छन् ।

# गीता पाण्डे र सुवास तिमल्सिनाको 'दशैं आयो तिहारै आयो'




काठमाडौं । गायिका गीता पाण्डे र गायक सुवास तिमल्सिनाको स्वर रहेको 'दशैं आयो तिहारै आयो' बोलको गीतको भिडियो सार्वजनिक भएको छ । जसमा गीतकार रमेश दहालका शब्द, राजेन्द्र बजगाइको सङ्गीत तथा मनोज परियारको एरेन्ज रहेको छ । दशैं तथा तिहार पर्वमा नेपाली युवाहरूको खुशीको अवस्थालाई निर्देशक पुजा ठकुरीले कलात्मक शैलीमा भिडियोमा देखाएकी छिन् । भिडियोको छायांकन राम केसी, सम्पादन विनोद बम भने कोरियोग्राफ अनिल राईले गरेका हुन । भिडियोमा दिक्पाल कार्की, जुना कार्की लगायत अन्य यस गीत सँग आबद्धको पनि पहिलो पल्ट अभिनय देख्न सकिन्छ ।

गायिका पाण्डे भन्छिन दशैं-तिहारको शुभकामना सहित यो दशैं-तिहार गीत केवल गायिका पाण्डे भन्छिन्- दशैं-तिहारको शुभकामना सहित यो दशैं-तिहार गीत केवल स्रोताहरूलाई समर्पण गर्दैछौ । जीवनमा म आफै पनि पहिलो पटक स्क्रिनमा देखिएकी छु ।'

# ज्ञानेन्द्र गदालको शब्द र सन्तोष श्रेष्ठको संगीतमा "फूल हौ तिमी"



**म्यूजिक खबर/अमेरिका**

म्यूजिक खबर । गीतकार ज्ञानेन्द्र गदालको शब्द रचनामा एवं संगीतकार सन्तोष श्रेष्ठको संगीत सिर्जनामा नयाँ गीत 'फूल हौ तिमी' सार्वजनिक भएको छ । गीतकार संघ नेपालको आयोजनामा राजधानीमा एक कार्यक्रमको आयोजना गरी उक्त गीतको श्रव्य दृश्य सामग्री सार्वजनिक गरिएको हो । गीतकार संघ नेपालका अध्यक्ष वसन्त वित्यासी थापाको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रतिष्ठित संगीतकार संगीतरत्न शम्भूजित बास्कोटाको प्रमुख आतिथ्यता रहेको थियो ।

गीतकार संघ नेपालका कोषाध्यक्ष चेतन खतिवडाले उपस्थित अतिथि एवं पत्रकारहरूलाई स्वागत गर्दै 'फूल हौ तिमी' गीतलाई सार्वजनिक गर्ने अवसर दिएकोमा संघका सदस्य गीतकार ज्ञानेन्द्र गदाल र सन्तोष श्रेष्ठप्रति कृतज्ञता व्यक्त गरेका थिए ।

'फूल हौ तिमी' गीतका संगीतकार सन्तोष श्रेष्ठले गीतकार ज्ञानेन्द्र गदालको शब्दले आकर्षित भएको बताउँदै उहाँका मायाप्रेम र जीवनसँग समर्पित भावले सबैको मन जित्ने बताए । संगीतकार श्रेष्ठले गीत सार्वजनिक गर्दासम्म एउटा आफ्नो सिर्जना थपिएको महसुस नगर्ने गायक गायिकाको बानी भएको बताउँदै गायक गायिकाले गीत गाएपछि पारिश्रमिक लिएर वेवास्ता गर्ने गरेकोप्रति सोच्नुपर्ने बेला आएको बताए ।

त्यस्तै प्रमुख अतिथि प्रतिष्ठित संगीतकार संगीतरत्न शम्भूजित बास्कोटाले गीतकार ज्ञानेन्द्र गदाल असाधरण प्रतिभा भएका गीतकार एवं कवित भएको उल्लेख गर्दै उहाँका सिर्जना अब्बल रहेको बताए । 'फूल हौ तिमी' मायाप्रेममा समर्पण रहेको गीतका रूपमा लिएको बताउँदै उनले प्रवासमा रहेर पनि घरबासको कथालाई बुलन्द बनाउने नै नेपाली भएको बताए ।

गीतमा निशान भट्टराई र अस्मिता अधिकारीको स्वर रहेको छ भने देवेन्द्र नेवाको संगीत संयोजन एवं प्रकाश मिश्रको ध्वनि सम्पादन रहेको छ । 'फूल हौ तिमी' को भिडियोमा निकेश धामी र शारदा भण्डारीको अभिनय रहेको छ । शम्भु मोक्तानको छायाँकन एवं मिलन श्रेष्ठको सम्पादन रहेको यस म्यूजिक भिडियोलाई साउराम आर तुलाधरले निर्देशन गरेका हुन् । भिडियोलाई अमेरिकाको शहरहरूमा छायाँकन गरिएको हो ।

# संस्कृतिकर्मी कोइरालालाई 'मानार्थ डक्टर'को उपाधी

**सीतल आचार्य/म्यूजिक खबर**




सामाजिक जागरूकता र शान्ति विश्वविद्यालय फ्लोरिडा, संयुक्त राज्य अमेरिका (Social Awareness and Peace University, Florida, USA) को तर्फ बाट ' मानार्थ डक्टर'को उपाधीबाट आरसी कोइराला (रामचन्द्र) लाई प्रदान गरिएको छ। कोइरालाले अन्तर्राष्ट्रिय सस्कृतीबिदको क्षेत्रमा पुर्याउनु भएको कार्यको उच्च मुल्यांकन गर्दै 'मानार्थ डक्टर'को उपाधी प्रदान गरिएको सामाजिक जागरूकता र शान्ति विश्वविद्यालय फ्लोरिडा, संयुक्त राज्य अमेरिकाले जनाएको छ ।

नुवाकोट जिल्लाको हर्कपुर (हाल बिदुर नगरपालिका वडा नम्बर १३) मा बुबा रत्नप्रसाद कोइराला तथा माता सावित्री कोइरालाको कोखबाट जन्मनु भएको आरासी कोइराला (रामचन्द्र) बिगत ३० बर्ष देखि अनव्रत रूपमा नेपाली कला संस्कृतिलाई सम्बर्द्धन तथा प्रबर्द्धन उल्लेखनीय कार्य गर्दै बिश्व भर नेपाली संस्कृति मार्फत नेपालाई परिचित गराउदै आउनु भएका कोइराला एभरेष्ट नेपाल कल्चरल ग्रूपका संस्थापक अध्यक्ष हुनुहुन्छ । आरसी कोइरालाको नेतृत्व तथा एभरेष्ट नेपाल कल्चरल ग्रुपको आयोजनामा नेपालमा हुने एक मात्र अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेलाका अध्यक्ष सहित हुनुहुन्छ कोइराला, कोइरालाको यस्तै अतुलनीय कार्यको सम्मानमा 'मानार्थ डक्टर'को उपाधी प्रदान गरेको विश्वविद्यालय फ्लोरिडा, संयुक्त राज्य अमेरिकाले जनाएको छ ।


C.B. MOUNT FRAMING CENTER PVT.LTD.






New Baneshowr, Buddhanagar, Kathmandu 01-4782127, 9841631354

# समाजको प्रतिविम्वमा डा.नवि अधिकारी र "देश छोड्नेको लर्को"






**म्यूजिक खबर/काठमाडौं**

गीतकार नवि अधिकारी सामाजिक रूपान्तरणमा सिर्जनाका धनी व्यक्ति हुन् । सिर्जनाको मूल गर्भ भनेकै गीतकार मानिन्छ । त्यही गर्भबाट सिर्जना जन्मिन्छ र समाजको प्रतिविम्वभित्र ती सिर्जनाहरू सदाबहार बन्न पुग्छन् । अमर सिर्जनाको धनी गीतकार डा.नवि अधिकारी 'टाकिन्द्र' यतिबेला 'देश छोड्नेको लर्को'मार्फत् अडियो भिडियो सहित सार्वजनिक भएका छन् । हुन त २०७९ माघ २० गते अर्थात् फेब्रूअरी ७ मा डा.नवि अधिकारीको सामाजिक सञ्जाल फेसबुकमा पोस्ट भएको थियो 'देश छोड्नेको लर्को' । त्यहीबेलादेखि मनभित्र खुल्दुली थियो समाज बोलेको सिर्जना अब अडियो भिडियो मार्फत् आउँदा देश छोड्नेहरूको मन मनमा बिझ्न पुग्छ भन्ने । यतिबेला देख्दा सामान्य तर गहकिलो रूपमा स्टुडियो भर्सनबाट भिडियो निर्माण गरी बजारमा आएको छ । भिडियोलाई वर्ल्डकभर मिडियाको यूट्यूबबाट सार्वजनिक गरिएको हो ।

*हिजो उड्यो छिमेकी भाइ, आज आफ्नै घरको*
*यस्तै भा'छ देशको हालत देश छोड्नेको लर्को*

*तिर्खा तिर्खा के को तिर्खा ! धनको कि वतनको !*
*गा'को छैन तिर्खा अझै मुना र मदनको !*
*यस्तै भए यो माटोमा भर्छ पियार कसले !*
*बुढा भा'का गाउँ शहरको गर्छ स्याहार कसले !*

*हिजो उडी गाउँकी मैना, आज टोल शहरको*
*यस्तै भा'छ देशको हालत देश छोड्नेको लर्को*

*उडी गए मुग्लान पारि सपनीका चंगा*
*बग्न छाडे अंजुलीमा हिउँचुलीका गंगा*
*धनको लागि ज्यानको दाउ भाउभन्दा नि चर्को*
*धनकै लागि आउजाउ एकपछि अर्को !*

*नौनी जस्तै नेपाली मन बनाउँदै पत्थरको*
*हिजो उड्यो जेठो बाठो, आज उड्यो अर्को*
*यस्तै छ यो देशको हालत देश छोड्नेको लर्को*

उल्लेखित शब्दहरूभित्र एउटा सिङ्गो देश छ । हामी विभिन्न बहनामा देश छोड्दैछौं । कहिले अध्ययनको नाम लिएर, कहिले विभिन्न सेमिनारको नाम लिएर, कहिले देशको द्वन्द्वलाई लिएर त कहिले वैदेशिक रोजगारीको नाम लिएर देश छोडिरहनेको लर्को बढिरहेको छ । हिजो कृषिप्रधान देश थियो तर आज देशलाई गाली गर्दै छोड्नेहरूको देश छ । आफ्नो देशमा रहेर आफ्नो बारी खन्नुभन्दा विदेशमा सामान्य नोकरी गरेर डलरमा हिसाब गर्ने बानीले विदेशको गल्लीहरूमा नेपालीहरू किस्ताबन्दीमा जिन्दगी चलाइरहेको अवस्था छ । जो सभ्रान्त भनिने देशहरूमा गएका छन् तिनीहरूको जिन्दगी असहज छ तर देश फर्कने भन्दा पनि १८ घन्टे कामले थला परेको जिन्दगीमा खुशी खोजिरहेका छन् । यो देश छोडेर जानेहरूमध्ये खाडी भित्रएकाहरूले देशको रेमिट्यान्सबाट देश धानिरहेको र देश फर्किएर घरपरिवारसँग बसेका छन् ।

पछिल्लो समय वैदेशिक रोजगारमुखी योजनाहरू, शैक्षिक बेरोजगरको उत्पादन गर्ने शिक्षा नीति, शहरीकरणसँगै विदेशीको युवापुस्ताको नियती हो । यही अवस्थाको एउटा प्रतिविम्वभित्रको गीत सिर्जना गरेका हुन् डा.नवि अधिकारीले । गाउँका सबै बारीहरू जंगल बनाउँदै, बुढाभएका बाआमाहरूलाई घरमा छाडेर शहरमुखी भएको समाजले विदेशमुखी भएर बाँचेको छ भन्ने सन्देश हो यो गीत । डा.नवि अधिकारीका प्राय सिर्जनाभित्र नेपाली साहित्यको गहिरो व्याख्य देखिन्छ । शब्द शील्पमा प्रयोग गरिएका सिर्जनाहरूले देश र समाजको वास्तविकतालाई गहकिलो रूपमा ब्याख्या गरिरहेको पाइन्छ ।

# नयाँ भर्सनमा गंगा बरदानको 'कहाँमा काट्यो बेतको लौरी'




**म्यूजिक खबर/धरान**

आजभन्दा ४५ बर्षअघि रेकर्ड भएको लोक गायक गंगा बरदानको लोकप्रिय गीत "कहाँमा काट्यो बेतको लौरी" पुन नयाँ भर्सनमा रेकर्डिङ्गसंगै स्टुडियो भिडियो समेत निर्माण भई सार्वजनिक गरिएको छ ।

नेपाली बब मार्लीको रूपमा परिचित गायक बरदानले उक्त गीत बि. स. २०३५ सालमा स्वरपरिक्षा उर्तिर्ण नगरिकनै सिंहदरबार स्थित रेडियो नेपालमा रेकर्ड भएको थियो । पछि उनले २०५५ साल ताका नमस्ते स्टुडियोका संचालक तथा नमस्ते ब्याण्डका गायक इश्वर गुरूङ्को सहयोगमा निकालिएको एल्बम "गंगा बरदान भाग-१" को लागि समेत पुन रेकर्ड गरेका थिए । त्यसबेला यो गीतले अझ लोकप्रियता कमाएको थियो । अहिले भने रेगी भर्सनमा गीत तयार गरिएको छ । जुपिहाङ्ग लिम्बुको संगीत संयोजन रहेको गीत धरानको न्यु भावना स्टुडियोमा रेकर्ड भएको हो भने मिक्सिङ्ग डम्बर लिम्बुले गरेका हुन् ।

गंगा बरदानका केहि पुराना गीतहरूलाइ पुन नयाँ साज सज्जामा ल्याउने क्रममा सिल्भर इन्टरटेनमेन्टको सक्रियतामा यो गीत तथा भिडियो तयार भएको हो। उनका अन्य केहि लोकप्रिय गीतहरू समेत रेकर्डिङ्ग भईसकेको छाउक्त भिडियो छायांकन तथा सम्पादन एडम लिम्बुले गरेका हुन्। सिल्भर इन्टरटेनमेन्टको युट् युब च्यानल मार्फत भिडियो सार्वजनिक भएको हो ।




२०२५ सालताका आफ्नो जन्मथलो भोजपुरमै आयोजित लोक तथा नृत्य प्रतियोगितामा "दाई त काले भाई पनि काले काले काले मिलेर खाउँ भाले" बोलको आफ्नै संकलन तथा स्वर रहेको गीत १६ वर्षको कलिलो उमेरमा नै गाएर दोस्रो स्थान प्राप्त गरेका गायक, रचनाकार तथा संगीतकार गंगा बरदानले नेपाली संगीत क्षेत्रमा आफ्नो ५० वर्षभन्दा बढी समय काटीसकेका छन् । आगामी मंसीरमा उनको सम्मानमा "गंगा बरदान स्वर्णिम साँझ " समेत आयोजना गरी गायक गंगा बरदानको जीवनयापनको सहयोगको लागि केही रकम समेत जुटाउने लक्ष्य राखिएको सिल्भर इन्टरटेनमेन्टका प्रबन्धनिर्देशक सौरभ श्रेष्ठले बताए ।

**नेपाल माइक्रोबस कम्पनी प्रा.लि.**
हाम्रो सेवाहरु
इलाम, पशुपतिनगर, काँकडभिट्टा, बुधबारे, गौरिगन्ज, विराटनगर, चतरा, चक्रवर्ती, राजविराज, जनकपुर, बेल्टार सम्म जानको लागि जम्बो A/C र हायसको टिकट पाइन्छ ।
कोटेश्वर सम्पर्क: ०१५१००८८०
९८५१००३३७०, ९८१३६३९३२३, ९८४१८५१९०४

**नेपाल माइक्रो कम्पनी प्रा.लि.**
**टिकट काउन्टर**
नयाँ बसपार्क, पूजाकोठी (पेट्रोलपम्प नजिक)
सम्पर्क: ४३८७१६३, ९८४१३१०३१५

काठमाडौंबाट बर्दिबास, धरान, इटहरी, विराटनगर, पोखरा, वेशीशहर, नुवाकोट, विराटनगरदेखि काँकडभिट्टासम्मको माइक्रोबसको टिकट बुकिङ गरिन्छ ।

**एकै छानामुनी**
-अडियो/भिडियो
-कभर डिजाइन एण्ड प्रिन्टिङ
-डबिङ एण्ड प्याकिङ
-मिडिया प्रमोशन
-विमोचन कार्यक्रम
-मायाको चिनो तथा अवार्ड ट्रफी
**सानिध्य ट्रफी ग्यालरी**
रेडन, सामाखुशी काठमाडौं । ९८२३८४९७११

संवाददाताः
अर्जुन पोखरेल/चिरञ्जीवी भण्डारी
फोटोग्राफरः
च्याङ्बा लामा/नवीन गुरुङ/बद्री थापा

**सम्पादकीय**

# तिहारको शुभकामना

नेपालीहरूको दोस्रो महान पर्व तिहार नजिकिँदैछ । बडादशैंको पन्ध्र दिनपछि आउने यो पर्व कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले शुरू भएर कार्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म (पाँच दिन) मनाइन्छ । हिन्दू धर्मावलम्वीले दीपावली (दिवाली)को रूपमा यस पर्वलाई धूमधामका साथ मनाउने गरेको पाइन्छ । यस पर्वको नाम हिन्दी शब्दको त्योहार शव्दबाट विकृत हुँदै तिहार बनेको भन्ने प्रचलन पनि छ । यसलाई नेपालमा दीपावली अनि भारतमा दिवाली नामले मनाउँदै आइएको छ । यमपञ्चकको पाँचदिनसम्म मनाइने यो पर्वको हिन्दू धर्मशास्त्रका पौराणिक कथाहरू छन् ।

भगवान सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी बहिनीका घरमा गई रमाइलो गरेको हुनाले पाँच दिनलाई यमपञ्चक मानिएको कुरा शास्त्रमा उल्लेख गरिएको पाइन्छ । यसरी रहँदा-बस्दा यमुनाको व्यवहारले निकै प्रसन्न भई यमराजले बहिनी यमुनालाई "जे मन लाग्छ वर माग" भन्दा यमुनाले "हरेक वर्ष आजकै दिन मलाई भेट्न आउनुपर्ने, साथै दिदी-भाइ दाजु-बहिनीको प्रेम सदा अटल रहोस् र दाजु भाइको आयू, कीर्ति सदा वृद्धि होस्" भन्ने वरदान मागेको र यमराजले पनि तथास्तु भनी वरदान दिएको उल्लेख गरिन्छ । मनसा, वाचा, कर्मणा र शुद्धचित्तले यस प्रकारसँग भ्रातृपूजा गर्ने गराउनेहरूको सदा उन्नति हुने वर दिई बहिनीसँग बिदा भई गएको किंवदन्ती छ । यसरी प्राचीन कालदेखि अहिलेसम्म अविच्छिन्नरूपले यो पर्व मनाउँदै आइएको पाइन्छ । तिहारले एकातिर मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत गर्छ भने अर्कातिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेही सम्बन्धलाई प्रगाढ बनाएको पाइन्छ ।

यसैगरी तिहारको विविध सांस्कृतिक पक्ष पनि छन् । भारत तथा नेपाल कृषि प्रधान देश भएको हुँदा जब कृषक आफ्नो खेतमा सुनौलो अन्न उमारेर घरमा ल्याउँने समय जब हुन्छ तब उसको खुशी एवं उमंगको अवसरमा भगवानको पूजा गर्ने गरेको पाइन्छ । सम्पत्तिकी देवी लक्ष्मीको पूजा गरी घरमा अन्न भित्र्याउन पाइयोस् भन्ने गरिन्छ । यो तिहार पर्व दक्षिण एशियाका धेरै देशमा विशेष गरि भारत, नेपाल, भूटान र बर्मा म्यानमारमा विभिन्न प्रकारले मनाउने गरेको पाइन्छ ।

सामाजिक, सांस्कृतिक एवं धार्मिक रूपमा महत्व बोकेको यो तिहार पर्वको अवसरमा नेपाली गीतसंगीतको क्षेत्रमा पनि विशेष महत्व खेलोस् । धरासायी बन्दै गरेको गीतसंगीत क्षेत्रले लक्ष्मी माताको कृपाबाट समृद्धि र सफलता प्राप्त गरोस् । यस क्षेत्रमा लाग्ने कलाकारहरूमा सदैव सकारात्मक सोचको विकास होस्, सिर्जनामा नयाँपन भित्रियोस्, समृद्ध मुलुकको लागि समृद्ध कलासंस्कृतिको नयाँ आयाम आओस् भन्ने शुभकामना दिन चाहन्छौं । म्यूजिक खबर परिवारको तर्फबाट यस क्षेत्रमा क्रियाशील सम्पूर्ण कलाकर्मी, सर्जक, श्रमिकवर्गमा सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्न चाहन्छौं ।

# भिडियोलाई चलचित्रको परिभाषामा समेट्न सञ्चार मन्त्री सकारात्मकः पाण्डे



**म्यूजिक खबर/काठमाडौं**

म्युजिक भिडियो निर्देशन समाजका पदाधिकारीहरूले सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई म्युजिक भिडियोलाई चलचित्रको परिभाषामा समेट्न ध्यानाकर्षण गराएका छन् । म्युजिक भिडियोलाई चलचित्रको परिभाषामा समेटी चलचित्र विकास बोर्डलाई यस क्षेत्रको अभिभावक बन्ने वातावरण तयार पार्न बोर्डको तालुकदार मन्त्रीलाई भेटी ध्यानाकर्षण गराइएको हो ।

यसअघि समाजले चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीलाई पनि सोही प्रकृतिको ध्यानाकर्षण समाजले गराएको थियो । चलचित्र बोर्डले समेट्ने क्षेत्रको परिभाषामा चल्ने चित्रलाई 'चलचित्र' भनिएको तर निर्माण हुने प्रक्रिया, विधि, प्रविधि, प्रयोग तथा कलाकार, प्राविधिक, निर्देशक लगायतका विषयहरू म्युजिक भिडियोमा पनि एकै किसिमको रूपमा प्रयोग हुने भएता पनि म्युजिक भिडियोलाई चलचित्रको परिभाषाको प्रक्रियामा नराखेकोमा आगामी दिनमा यसलाई चलचित्रको परिभाषामा समेट्न पत्रमा आग्रह गरिएको छ ।

समाजका कार्यवाहक अध्यक्ष देवेन्द्र पाण्डेले आफ्नो मागप्रति मन्त्री सकारात्मक रहेको बताए । उनले भने, "मन्त्रीज्यूले हाम्रो ध्यानाकर्षणलाई अत्यन्त सकारात्मक रूपमा लिनुभएको छ । उहाँले दर्सैं सकिए लगत्तै यसबारेमा पहल थालनी गर्ने आश्वासन दिनुभएको छ । हामीले पनि उहाँबाट यो काम हुनेमा विश्वास लिएका छौं ।"

पाण्डेले म्युजिक भिडियो मार्फत देशका विभिन्न जातजाति, भाषा, कला संस्कृतिको जगेर्ना गर्दै राज्यको अर्थतन्त्र, पर्यटन, रोजगारी लगायतमा यस क्षेत्रले मद्दत पुऱ्याएको तथ्य राज्यसामु हुँदाहुँदै पनि म्युजिक भिडियोलाई चलचित्रको परिभाषाको रूपमा समावेश नगरिनु र औपचारिकतामा प्रवेश नगराउनु आफैमा पक्षपाती विषय भएकोले ध्यानाकर्षण गराएको बताए । "यो क्षेत्रले शुद्ध मनोरञ्जनको लागि मात्र नभई नेपाली कला संस्कृति लगायत गीत सङ्गीतको संरक्षण संवर्द्धनमा प्रमुख भूमिका खेलेको छ । नेपालमा रहेका एक सय बढी भाषाहरूमा आफ्नै गीत सङ्गीत उत्पादन हुने र तिनका म्युजिक भिडियोहरू बन्ने गरेको कारण नेपालको विशाल भाषिक तथा सांस्कृतिक विविधतालाई संरक्षण र संवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्न पनि म्युजिक भिडियो उद्योगले कार्य गरिरहेको छ" पाण्डेले भने, "दैनिक डेढ करोड हाराहारीको लगानी तथा हजारौंले रोजगारी पाइरहेको अवस्थामा राज्यलाई अनौपचारिक रूपमा ठुलो फाइदा पुगिरहेको छ । यस क्षेत्रलाई हेर्ने राज्यको कुनै निकाय नहुँदा राज्यले राजस्वको ठुलो हिस्सा गुमाइरहेको छ । तसर्थ, हामीले राज्यले म्युजिक भिडियोको क्षेत्रबाट लिन सक्ने सम्भावित फाइदाहरू र राजस्व शीर्षकहरू पनि जानकारी गराएका छौं ।"

कलाकार, निर्देशक तथा प्राविधिकबाट आयकर, छायांकन प्रविधिमा प्रयोग हुने उपकरणहरू प्रयोगबापत कर, राज्यले तोकेको सम्बन्धित निकायमा कम्पनी दर्ता प्राप्त हुने शुल्क, म्युजिक भिडियो दर्ता शुल्क, प्रतिलिपि अधिकार र रोयल्टीहरूबाट प्राप्त हुनसक्ने राजस्व, बिक्री र स्ट्रिमिङ करहरू, छायांकन स्थान अनुमति शुल्क, विज्ञापन र प्रायोजन राजस्व, पर्यटन र सांस्कृतिक प्रवर्द्धनमा राज्यलाई सहयोग, नियमन र अनुपालन राजस्व, म्युजिक भिडियोको अन्तर्राष्ट्रियकरणबाट प्राप्त हुने निकासी राजस्व, पेटेन्ट, प्रतिलिपि अधिकार र ट्रेडमार्क सहित बौद्धिक सम्पत्ति अधिकार दर्ता शुल्क र उल्लङ्घनको लागि जरिवाना आदि शीर्षकहरूमार्फत राजस्वमा योगदान दिन सकिने समाजले मन्त्रीलाई हस्तान्तरण गरेको ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ ।

भेटमा समाजका कार्यवाहक अध्यक्ष देवेन्द्र पाण्डे, सह सचिव समन अधिकारी, कोषाध्यक्ष बबिता श्रेष्ठ, सदस्यहरू देवेन्द्र कुँवर, कृष्णदेव रूपाखेती र देवराज आचार्य, म्युजिक भिडियो निर्देशकहरू प्रकाश भट्ट र काजिश श्रेष्ठ, कलाकार रामेश्वर बुर्लाकोटी लगायत मन्त्रालय पुगेका थिए ।

# दिल ब्लोनको ... नक्कली मोरी

म्यूजिक खबर । युवापुस्ताप्रति लक्षित रोमान्टिक गीतको भिडियो 'नक्कली मोरी' सार्वजनिक भएको छ । नक्कली मोरीमा बहुप्रतिभाशाली गायक, कलाकार दिल ब्लोनको शब्द, संगीत र स्वर रहेको छ । गीतको संगीत संयोजन याकुव तामाङको रहेको छ । गीतको म्यूजिक भिडियो ओएसआर डिजिटल च्यानलमार्फत सार्वजनिक भएको हो । दिल ब्लोन एक दशक पछि गीतसंगीतको क्षेत्रमा पुनःफर्केका हुन् । दिल ब्लोन, उषा उप्रेती आदिको अभिनिय रहेको म्युजिक भिडियोमा उत्सव दाहालको छायाँकन रहेको छ भने क्रान्ति केसीको सम्पादन रहेको छ । भिडियो निर्देशन क्रान्ति केसीको रहेको छ ।



# "लक्ष्मीको आगमन पक्कै हुन्छ"

## सौन्दर्यविद् एवं सफल व्यवसायी सुषमा महरा



**रश्मी थापा /म्यूजिक खबर**

नेपालको सौन्दर्य व्यवसायको क्षेत्रमा एक प्रतिष्ठित नाम हो – सुषमा महरा । उनले विगत २६ बर्षदेखि सौन्दर्य ब्यवसायलाई स्थापित गर्न अतूलनिय योगदान पून्याएकी छिन् । उनले संचालन गरेको फेसियल हाउस अहिले देशैभर फैलिएको छ । काठमाडौंमा काठमाडौं मल, चाबहिल, चुच्चेपाटीको केयल टावर, सीटीसी मल, हुँदै जिल्ला बाहिर पोखरा, सुर्खेत र धनगढीमा समेत फेसियल हाउसको शाखा फैलिसकेको छ ।

'बीग ब्युटी बिजनेश वुमन' भनेर परिचित भएकी सौन्दर्यविद् सुष्मा भन्छिन्: 'हामी श्रमिक पनि हौं र श्रमदाता पनि ।' एकसय बढीलाई प्रत्यक्ष रोजगारी दिदैं आएकी छन् । उनी आफैं पनि अहोरात्र खट्छिन् । उनको खटाइको प्रतिफल स्वरूप व्यवसायिक क्षेत्रमा शिखर चुमेकी छन् । सुषमाले व्यवसायको सुरूवातमा कपडा व्यवसाय तथा बुटिक संचालन गरेकी थिइन् । तर उक्त व्यवसायभन्दा सौन्दर्य व्यवसायमा नै टिकिन् र चिनिइन् । उनी लोकप्रिय र चर्चित र सफल सौन्दर्यकर्मीको रूपमा स्थापित भइन् । नामको प्रख्यातीसँगसँगै दाम, इज्जत र प्रतिष्ठा कमाउन सफल भएकी छन् । सौन्दर्य व्यवसाय मार्फत हजारौ युवा-युवतीहरूलाई रोजगारी युक्त प्राविधिक शिक्षा समेत दिने कार्य सुषमाबाट भएको छ ।



सौन्दर्यविद् सुषमा महरा विभिन्न सामाजिक संघ संस्थामा पनि उत्तिकै सकृय छन् । हाल नेपाल उद्योग वाणिज्य संघ काठमाडौंका सचिव, कर्पोरेट मिडिया ग्रुपका उपाध्यक्ष तथा ब्युटी एशोसियसन अफ नेपाल तथा महिला च्याम्बरको आजीवन सदस्य लगायतका थुप्रै संघसंस्थामा आबद्ध रहेकी छिन् ।

देशको धर्म संस्कृति जोगाउन उनले हरेक पर्व विशेष रूपले मनाउने गरेकी छन् । सदाका वर्षहरूमा भैं यो वर्षको तिहार पनि हर्ष उल्लासका साथ मनाउने तयारी गर्दै छन् । उनको विश्वास छ लक्ष्मीको कृपाले सम्पुर्ण नेपालीको घर-घरमा लक्ष्मीको आगमन पक्कै हुन्छ ।

सौन्दर्यविद् सुषमाको अनुभवमा तिहारको सांस्कृतिक पक्ष निकै अब्बल छ । लक्ष्मीको पूजा घरमा धनसम्पत्ति, उत्पादन धेरै आओस् भन्ने उद्देश्यमा गरिएको पाइन्छ । कृषकले यो समयमा आफ्नो मेहनतबाट भएको उत्पादनलाई भगवानको कृपा भित्र्याइँदा खुशी हुँदै पूजा गरेको भनिन्छ । त्यस्तै हामी पनि आफ्नो मेहनत र पसिनाबाट वर्षभरि गरिएको कर्मबाट पाएको फललाई लक्ष्मीको प्रसादका रूपमा ग्रहण गर्दै पूजा गर्ने गर्छौं । त्यसैअनुरूप हामी पनि लक्ष्मीको विशेष पूजा गरेर तिहारलाई हर्षोल्लास मनाउने तयारीमा छौं, उनले भनिन्: हाम्रा सबै शाखाहरूमा दिपावलीको विशेष रौनक हुनेछ ।



सौन्दर्यविद् व्यवसायमा जस्तै समाज सेवामा पनि उत्तिकै सक्रिय रहँदै आएकी छिन् । असहाय बालबालिका तथा बृद्धबृद्धाहरूको सेवामा समयसमयमा आफूलाई समर्पित गराउँदै आएकीछिन् । भलै उनी आफूले गरेको समाजसेवालाई चर्चामा ल्याउन चाहन्नन् । विसं. २०७२ साल बैशाख १२ गते आएको महाभूकम्पका पीडितहरूको सहयोगमा उनी अहोरात्र खटिइन् । त्यसैगरेर, क्यान्सर पीडितहरूका लागि कपाल दान गर्नेदेखि कोरोनाको कहरको बेला समेत विभिन्न राहत सामाग्री वितरण जस्ता पूण्य कार्य गर्दै आएको कसैबाट छिपेको छैन । यसैगरि, जाडोमा न्यानो कपडा वितरण गर्ने देखि असहाय बालबालिकाको शिक्षादिक्षामा पनि सहयोगी बन्दैआएकी छिन् ।

सुषमाको जन्म काठमाडौंको गोकर्णमा भएको हो । निडर तथा स्वाभिमानी स्वभाव अनि स्पष्टवक्ता सुषमा आफैंमा साहसी नारी हुन् । अन्याय र अत्याचारको सदा विरोधी रहँदै आएकी बरिष्ठ सौन्दर्यविद् सुषमाका हरेक कार्यमा श्रीमान उज्वलजंग शाहको साथ र सहयोग रहेको छ । श्रीमान र परिवारको साथ र सहयोगका कारण बीग ब्युटी बिजनेशमा आफूले सफलता प्राप्त गरेको दिल खोलेर सुषमाले बताएकी छन् । आँट, धैर्य र साहसको प्रतिक सुषमा महराको भनाईमा स्वाभिमानमा बाँच्नुको मज्जा नै बेग्लै हुने गर्दछ । हातमा सीप भएको मान्छे कहिले पनि भोको हुँदैन ।



# इनास नेपालको अध्यक्षमा गीतकार पाण्डे निर्वाचित





**म्यूजिक खबर/काठमाडौं**

अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज (इनास) नेपालको अध्यक्षमा लोकप्रिय गीतकार एवं संचारकर्मी दयाराम पाण्डेय निर्वाचित भएका छन् ।

काठमाडौंमा १५ गते बुधबार सम्पन्न इनास नेपालको अधिवेशनबाट पाण्डेय सन् २०२३-२०२५ को लागि सर्वसम्मत निर्वाचित भएका हुन् । पाण्डेय यसअघि इनास नेपाल तदर्थ समितिको संयोजक थिए । त्यस्तै इनास नेपालको नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा निर्देशक ऋषि लामिछने, देवकुमार श्रेष्ठ र संगीतकार अर्जुन पोखरेल निर्वाचित भएका छन् । महासचिवमा खेलाडी एवं गीतकार बलराम मित्र, सचिवमा प्रोडक्सन डिजाइनर शंकर पाण्डे र कोषाध्यक्षमा चलचित्र वितरक सुनिल मानन्धर सर्वसम्मत भएका छन् ।

त्यसैगरी कार्यसमिति सदस्यहरूमा नायक पुष्प खड्का, नरेन खड्का, गायक युवराज चौलागाईं, गायिका माण्डवी त्रिपाठी, नृत्य निर्देशक कविराज गहतराज, निर्देशक रामशरण घिमिरे, कल्पना आचार्य, पूर्ण लामा, भूमिका शाह, कृष्ण के सी, विबुध लुईंटेल र सुरेन्द्र श्रेष्ठ निर्वाचित भएका छन् ।

निर्वाचित कार्यसमितिलाई निर्वाचन समिति संयोजक अधिवक्ता सेमन्तमणि खरालले सपथ ग्रहण गराएका थिए । उक्त अवसरमा नवनिर्वाचित अध्यक्ष पाण्डेयले आफ्नो प्रतिबद्धता पत्र प्रस्तुत गर्दै पुरानो कार्यसमितिका सम्पूर्णलाई बधाई ज्ञापन गर्दै नयाँ कार्यसमितिका पदाधिकारी एवं सदस्यहरूलाई स्वागत समेत गरे । `एक्लैले केही गर्न सकिदैन', अध्यक्ष पाण्डेयले भने 'संस्था-संगठन भनेको टिमवर्कले अगाडि बढ्ने हो, त्यसैले सबै संगै एकढिक्का भएर अगाडि बढौं ।'

इनास ग्लोबलका अध्यक्ष पुष्प बरूवालले नयाँ कार्यसमितिको अगाडि ठूलो चुनौती रहेको र नयाँ टिम हेर्दा आफू निकै आशावादी भएको बताए । उनले भने- 'यो टिमले पक्कै राम्रो गरेर इनासलाई नयाँ उचाईमा पुर्याउनेछ ।'

सो अवसरमा इनास ग्लोबल वरिष्ठ उपाध्यक्ष रामचन्द्र थापा, उपाध्यक्षद्वय अर्जुन काफ्ले, साबु गदाल, कोषाध्यक्ष कुलराज थापा र एशिया संयोजक लोकराज अधिकारीले नवनिर्वाचित कार्यसमितिलाई शुभकामना दिएका थिए ।

नेपाली कला, संस्कृति, चलचित्र, संगीतको समृद्धिको लागि स्थापित यस संस्थाको केन्द्रीय कार्यालय नेदरल्यान्डस् मा रहेको छ भने हाल विश्वका ७३ वटा देशमा यसको शाखा बिस्तार भैसकेको छ ।

# मङ्सिर ८ मा प्रतिष्ठित गायिका 'तीर्थकुमारी स्वर्णीम साँझ' हुने

**म्यूजिक खबर/काठमाडौं**

प्रतिष्ठित लोकगायिका तीर्थ कुमारी थापाको पहिलो एकल सांगीतिक साँझ हुने भएको छ । यही मङ्सिर ८ गते रास्ट्रीय नाचघर जमलमा 'तीर्थ कुमारी स्वर्णिम साँझ २०८०' हुने आइतबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइयो । अन्नपूर्ण चेम्बर अर्केस्टाले आयोजना गर्न लागेको कार्यक्रमको काठमान्डौ प्रज्ञा कुञ्ज स्कुल र तुलसी भक्त कन्ट्रक्सन प्रा.लि. सह आयोजक रहेका छन् ।

५ दशक भन्दा बढी समयदेखि नेपाली लोकगीतमा निरन्तर लागिरहनु भएकी लोकगायिका थापा पहिलोपटक एकल सांगीतिक साँझ मार्फत गुञ्जिन लाग्नु भएको हो । कार्यक्रमा गायिका थापाले 'म त खादिन कुवाँको पानी हो, ढुङ्गे बगर माया, झम्के फूली नाकैमा बुलाकी, उकालीमा पनि हजुर मोटर जादो रैछ, बारीको डिलमा ओखरबोट, माछी मार न हे दाई हो, दाइ कहाँको' लगायतका २ दर्जन जति गीतहरू प्रस्तुत गर्दैछिन्

। कार्यक्रममा प्रवेशका लागि एक हजार, पन्द्र सय र दुई हजार रूपैयाँको टिकट राखिएको छ ।




पत्रकार सम्मेलनमा प्रतिष्ठित लोकगायिका थापाले कार्यक्रमका लागि अन्नपुर्ण चेम्बर अर्केस्टा, काठमान्डौ प्रज्ञा कुञ्ज स्कुल र तुलसी भक्त कन्ट्रक्सन प्रालि संग सहकार्य गर्न पाउँदा आफु खुसी रहेको बताउनु भयो ।

गायिका थापाको छोरा तथा सङ्गीतकार सुरज थापाले एकल साँझलाई भव्य बनाउन कुनै कसर बाँकी नराख्ने जानकारी दिनुभयो । 'आमाको सपना थियो, यसलाई पुरा गर्न पाउँदाको खुशी शब्दमा व्यक्त गर्न सक्दिन । हामीले युगल गायनमा आमासँग गाउन सक्ने पुराना गायक नै प्रस्तुत गर्नेछौं । बाँकी केहीमा मैले पनि साथ दिनेछु', गायक थापाले भन्नुभयो ।

२०२८ सालमा रेडियो नेपालमा गीत रेकर्डिङ गरेर गायन र संगीत यात्राको थालनी गर्नु भएकी गायिका थापाको हालसम्म एक हजार भन्दा बढी गीतहरू रेकर्ड भैसकेका छन् ।

विभिन्न सामाजिक सेवाको सहयोगार्थ थुप्रै पटक सांगीतिक कार्यक्रमहरूमा आफ्नो गायन प्रस्तुत गरिसक्नु भएकी गायिका थापा प्रबल गोरखा दक्षिणबाहु मानपदवी २०५७, वीरेन्द्र ऐश्वर्य सेवा पदक २०५८ लगायत दर्जनौ सम्मान, पदक, म्यूजिक खबर लाइफटाइम अचिभमेन्ट अवार्ड लगायतका सम्मान र पुरस्कारहरू प्राप्त गरिसक्नु भएको छ । 'तीर्थ कुमारी स्वर्णिम साँझ २०८०' कार्यक्रम सामाजिक सशक्तीकरण, सामाजिक जिम्मेवारी र सांस्कृतिक प्रवर्द्धनमा समेत प्रेरणा दिन सहयोग पुग्ने अपेक्षा रहेको आयोजकले बताएका छन् ।

# 'मङ्गलम्'मा दुर्गा माताको भक्ति आराधाना




**म्यूजिक खबर/काठमाडौं**

वडा दशैंको अवसर पारेर मिसेस नेपाल वर्ल्ड २०२३ का प्रतियोगीहरूलाई समावेश गरी दशैं गीतको म्युजिक भिडियो तयार पारी सार्वजनिक गरिएको छ ।

सौन्दर्य प्रतियोगिताको क्षेत्रमै पहिलोपटक प्रतियोगीहरूलाई समावेश गरी म्युजिक भिडियो तयार पारिएको हो । मंगलम् बोलको भक्ति गीत दुर्गा माताको आरधनमा आधारित छ । भक्ति गीतको म्युजिक भिडियोमा मिसेस नेपाल वर्ल्ड २०२३ का सम्पूर्ण प्रतियोगीलाई अभिनय र नृत्य गराइएको छ । आठ मिनेट लामो दुर्गा आरधना आकर्षक प्रकाश संयोजनको आकर्षक सेटमा खिचिएको छ ।

भक्ति गीत गायक गायिका दम्पती रामचन्द्र काफ्ले र जुनु रिजालले गाएका छन् भने गीत रचना रमेश दाहाल, संगीत सिर्जना र संयोजन राजेन्द्र बजगाई, मिक्सिङ्ग र ध्वनि सम्पादन मनोज परियार तथा बाद्यवदन भुवन गन्धर्व, सञ्जिव बराईली र हेमन्त कान्छा रसाईलीको रहेको छ ।

सन्दीप भुजेलको कोरीयोग्रफी र निर्देशनमा तयार भएको भक्ति संगीतको म्युजिक भिडियोमा छायांकन ओम प्रसाइ, कन्सेप्ट र स्क्रिप्टिङ्ग अश्विनी झा र निशु झा तथा मेकअप सबिता चौधरीको रहेको छ । गीत मिसेस नेपाल वर्ल्ड २०२३ को आयोजक संस्था रिबन इन्टरटेनमेन्टको युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो ।

# साहित्यकार अनु शाहको कवितासंग्रह "अनुराग" को लोकार्पण





**म्यूजिक खबर/काठमाडौं**

साहित्यकार अनु शाहको कवितासङ्ग्रह 'अनुराग' लोकार्पण भएको छ। कार्यक्रमका प्रमुख अतिथि पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको हातबाट कवितासङ्ग्रह 'अनुराग'को लोकार्पण गरिएको हो। लोकार्पण पछि बोल्दै पूर्व प्रधानमन्त्री ओलीले साहित्यकार अनु शाहका बारेमा प्रशंसा गरेका थिए। कविता कवि जस्तो र कवि कविता जस्तो भएको भन्दै उनले साहित्य सिर्जनामा अनु शाहको कदम प्रशंसनीय र अनुकरणीय भएको बताएका थिए। स्तन क्यान्सरबाट पीडित रहेकी साहित्यकार अनु शाहलाई हौसला दिँदै ओलीले आफ्नो उदाहरण दिँदै समय अनुसार उपचार पाइने हुँदा पाइने निश्चिन्त भएर उर्जाका साथ अगाडि बढ्न प्रेरित गरे।

मिलाप मासिकको आयोजनामा भएको उक्त कार्यक्रमको सभापतित्व कवि अनु शाहले गरेकी थिइन्। कार्यक्रमलाई स्वागत गर्दै 'अनुराग'का प्रकाशक सूर्य चन्दले रोगसँग लड्दालड्दै पनि उर्जा बटुल्नका लागि पुस्तक प्रकाशन गरिएको बताएका थिए। चन्दले आफ्नो धर्मपत्नी अनु शाह साहित्य, संगीत र चलचित्र क्षेत्रमा क्रियाशील रहँदै आएकोमा समयको खेलसँगै आएका उतारचढावलाई जित्ने शाहस बटुलेर कवितासङ्ग्रह सार्वजनिक गरिएको बताए। उनले पूर्व प्रधानमन्त्री एवं नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीको हातबाट सार्वजनिक गर्ने इच्छा पूरा भएको बताउँदै उहाँ साँच्चिकै सबैको 'बा' भएको बताएका थिए।

कार्यक्रमका विशेष अतिथि नेपाल फिल्म सोसाइटीका अध्यक्ष कृष्ण मल्लले कवि अनु शाह एक सशक्त साहित्यकार भएको बताएका थिए। मल्लले शाहको साहित्य, संगीत र चलचित्रसँग समर्पणको प्रशंसा गरेका थिए।

कार्यक्रममा वरिष्ठ साहित्यकार, निर्देशक प्रकाश सायमी, साहित्यकार पुरूषोत्तम दाहाल, पत्रकार ऋषि धमालले शुभकामना मन्तव्य दिएका थिए।

कार्यक्रममा मिलाप मासिकको तर्फबाट विभिन्न व्यक्तिहरूलाई कभर सम्मान प्रदान गरिएको थियो। त्यस्तै अनुराधा फिल्म्स इन्टरटेनमेन्टको तर्फबाट वरिष्ठ साहित्यकार खेमनाथ दाहाल, वरिष्ठ साहित्यकार निर्देशक प्रकाश सायमी, अनेसास वोस्टन च्याप्टर अध्यक्ष महेश्वर पन्त, गीतकार अमर वान्तु, कलाकार तथा कृषि अभियन्ता शेखर खनाल, नेपाल सेल्फ डिफेन्सका अध्यक्ष डा.डीबी रानापाल, अनुरागका सम्पादक रमेश दाहाल, पत्रकार गीता अधिकारी, निर्देशक माधवराज खरेल, गीतकार सुमन बैरागी, व्यवसायी प्रकाश श्रेष्ठ, सौन्दर्यविद् रश्मिला श्रेष्ठ, समाजसेवी राजेश विसुराल, समाजसेवी दुर्गा विसुराल, समाजसेवी नरेश पाण्डे, समाजसेवी निकिता पाण्डे, गायक लक्ष्मण श्री, ट्याटु आर्टिष्ट सुमिना श्रेष्ठ, युवा व्यवसायी बालकृष्ण खड्का, व्यवसायी रेशम बहादुर थापा, सौन्दर्यकर्मी रेनु रानामगर, सौन्दर्यकर्मी रचना शाक्य, सौन्दर्यकर्मी देवी महर्जन, फेसन डिजाइनर काजल शर्मा, कीर्तिमानी सगरमाथा आरोही पुरूषोत्तम नेपाली, भिडियो निर्देशक प्रहिल कार्की, मानवअधिकारकर्मी राजु बन्जाडेलाई व्यक्ति विशेष सम्मान प्रदान गरिएको थियो।

कार्यक्रममा अनेसासका पूर्व अध्यक्ष एवं साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला, वरिष्ठ गायिका एवं राजनीतिज्ञ कोमल वली, राजनीतिज्ञ शान्ता चौधरी, नेपाल सांगीतिक संघका अध्यक्ष मिलन मोक्तान, गीतकार संघ नेपालका अध्यक्ष वसन्त वित्यासी थापा, चलचित्र प्राविधिक संघका अध्यक्ष पुष्कर लामा, साहित्यकार खेमनाथ दाहाल, वरिष्ठ कलाकार लय संग्रौला, अभिनेत्री शर्मिला मल्ल, द्वन्द्व कलाकार संघका अध्यक्ष नारायण प्रधान, वरिष्ठ गायिका देविका बन्दना, वरिष्ठ संगीतकार राजु सिंह, वरिष्ठ गीतकार भरत बमजन लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सहजीकरण संचारकर्मी, गायक तथा संगीतकार सरोज कोइरालाले गरेका थिए।



# गायनमा समर्पित अर्जुन

**म्यूजिक खबर/काठमाडौं**

अर्जुन विरही गायनमा समर्पित भएका एक प्रतिभाशाली कलाकार हुन्। करिब एक दशकअघिदेखि गायनमा क्रियाशील रहेका गायक अर्जुन विरही पछिल्लो समय पनि उत्तिकै सक्रिय छन्। २०६९ सालबाट गीतसंगीतमा लागेका उनी गायनसँगसँगै संगीतका अन्य विधामा पनि आफूलाई सक्रिय गराउँदै आएका छन्। २०७२ सालमा काठमाडौं प्रवेश गरेका अर्जुन आलाप रेकर्डिङ स्टुडियोमा रेकर्डिष्टको रूपमा प्रवेश गरेर आफ्नो प्रतिभालाई गीतसंगीतमार्फत् उजागर गर्ने एक होनाहार कलाकार हुन् उनी। करिब ५ वर्ष उनले त्यस स्टुडियोमा रकेर्डिष्ट भएर काम गरे। सोही बेलामा उनले धेरै गीतहरू रेकर्ड गरे। सँगसँगै म्यूजिक कम्पनी पनि संचालनमा ल्याए। एबीआर डिजिटल म्यूजिक कम्पनी संचालन गर्दै उनले आफ्ना सिर्जनाहरु सार्वजनिक गर्दै आए।

बाग्लुङ भीमगिठे-३ मा (अहिलेको ढोरपाटन-३) मा जन्मिएका अर्जुन शर्मा गीतसंगीत क्षेत्रमा भने अर्जुन विरहीका नामले परिचित छन्। गाउँमा छँदाको रोधीको परिवेशले उनलाई पनि गीतसंगीतमा आकर्षित गरेको हो। स्कुले जीवनमा अध्ययनमै व्यस्त रहेका उनी काठमाडौं छिरेपछि मात्र गीतसंगीतमा होमिएका हुन्। आलाप रेकर्डिङ स्टुडियोमा ५ वर्ष काम गरिसकेपछि उनी मारूनी स्टुडियोमा पनि एक वर्ष रेकर्डिष्ट भएर काम गरे। त्यो अवधिमा उनले धेरै आफ्नै स्वरमा गीत रेकर्डसमेत गराए। बाँसको डोली, बग्छ आँसु, भो बैगुनी, अन्तै नाता जोड्यौ, नमूना, सुन बैगुनी, तिम्लाई मात्रै, दुःख पन्यो विदेशमा, टुनी पलायो, पोखेली भाका, रेललने तान्यो र, जुनीजुनीलाई जस्ता दर्जनौं गीतमा स्वर दिएका छन् अर्जुनले।

एकातिर कम्पनी संचालनको काम अर्कोतिर रेकर्डिष्टको जागिर गर्दागर्दै उनले आफ्नो स्वरमा पनि धेरै गीतहरू रेकर्ड गराउन सफल भएका हुन्। उनी अहिले पनि नयाँ गीतको तयारीमा छन्। खुलदुली लाइभ दोहोरी संचालन गर्दै आएका उनी त्यहाँ पनि रेकर्डिङ एण्ड मिक्सिङको काम गर्दै आएका छन्। निकट भविष्यमा नयाँ प्रोजेक्टका रूपमा स्रोताहरूमाझ नयाँ सिर्जना लिएर आउन लागेका अर्जुन गीतसंगीतमै समर्पित भएर जीवन बिताउने सोचमा छन्।





# सन्तोष सेनको मेघा प्रोजेक्ट 'बलिदान' २०८१ फूलपातीमा प्रदर्शन, तिहारपछि छायाँकन

**म्यूजिक खबर/काठमाडौं**

आसुसेन फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको मेघा प्रोजेक्ट 'बलिदान'को शीर्षक सहितको 'थिम लुक' सार्वजनिक गरिएको छ। नेपाली चलचित्रको श्रेष्ठ सिरिज 'प्रेम गीत' सिरिजका प्रणेता तथा पहिलो पटक अन्तर्राष्ट्रिय बजारमा व्यावसायिक प्रदर्शनको ऐतिहासिक सुरूवात गरेका सन्तोष सेनले यो चलचित्र बनाउन लागेका हुन्। शनिवार बडा दसैंको फूलपातीको अवसर पारी घोषणा गरिएको 'बलिदान'को रिलिज मिति वि.सं. २०८१ सालको फूलपातीको दिन तय गरिएको छ।




'बलिदान'को निर्देशन सन्तोषआफैले गर्दैछन्।आसुसेन प्रा.ली. तथा सन्तोष सेनको प्रस्तुति रहने यस चलचित्रमा निर्माताको रूपमा पवन ब्राडफोर्ड बिस्ट तथा कार्यकारी निर्माता चक्र बहादुर चन्द, प्रेम पुरी लगायत रहेका छन्। त्रिभुवन विश्वविद्यालयका प्राध्यापक, लेखक एवम् साधक दर्शन जीको लेखन रहने यस चलचित्रको 'स्क्रिप्ट डक्टर'को रूपमा मनोज पण्डित रहेका छन्। 'थिम लुक'मा सार्वजनिक सामग्रीअनुसार 'बलिदान'को कथामा राज्यका अधिकार प्रयोग गर्न सक्ने वर्ग र राज्यबाट किनारा पारिएका वर्गका बिच हुने अधिकारका द्वन्द्व तथा राजनीतिक, सामाजिक द्वन्द्व, विभिन्न आन्दोलनहरूका उत्पत्ति, कारण र परिणामलाई चित्रण हुनेछ।

चलचित्रका निर्माता तथा निर्देशक सेनले यो चलचित्रलाई एक सार्वभौम महाकथा भनेका छन्। "नेपालको पछिल्लो राजनीति तथा मधेसमा भएका आन्दोलनका मुद्दामा आधारित छ कि छैन भन्ने सन्दर्भमा शान्तिपूर्ण आन्दोलन गर्दा आफ्नो स्वार्थको दाल दल्ने देशी विदेशी कुटिलहरू प्रवेश गरी उत्पन्न हुने बीभत्स परिवेशलाई चित्रण गर्ने हुनाले यसको कथा नेपालको मधेसको त हो नै, साथै जहाँ पनि र जहिले पनि यस्ता मुद्दा चलिरहने हुँदा एक सार्वभौमिक महाकथा हो" सेनले बताए।

यो चलचित्रमा विषयवस्तु यथार्थ रहेको तर स्थान तथा पात्र काल्पनिक रहेको सेनले बताए। "यस चलचित्रमा काल्पनिक रङ दिएर नेपाली समाजमा भए गरेका मध्येस मुद्दालगायत सबैतिर देखिने राज्यपीडितका मुद्दालाई सशक्त रूपमा उठाउने र नेपाली राजनीतिको सूक्ष्म अवलोकन गरी नेपालमा सधैं अस्थिरता फैलाइरहने कुटिल तत्त्वको पहिचान गरी त्यस्ता तत्त्व देखी सचेत भएर जुनसुकै तरिकाले बली चढाउनुपर्ने सन्देश हामीले यस चलचित्रमा दिनेछौं", उनले बताए।

सेनका अनुसार यस चलचित्रमा सहज आन्दोलन या अधिकारको लडाइँ हुँदा देशी विदेशी कुटिलहरू प्रवेश गरेर कसरी समाज च्यातच्युत पारिन्छ भन्ने कुरालाई चित्रण गरिनेछ। अति भएपछि देशको अस्मिता जोगाउन युगले एक असली युग पुरुष जन्माउँछ भन्ने सत्यलाई पनि चलचित्रको कथामा आत्मसात् गरिने उनले बताए।

"त्यस पुरूषले नै तानासाही कुटिलहरूको बलि दिएर समाज तथा भूगोल टुक्रिनबाट कसरी योगदान दिइरहेको हुन्छ र युगमा परिवर्तन आउँछ भन्ने सार्वभौमिक सत्यको प्रतिपादन गरिने चलचित्र 'बलिदान' हो", सेनले थपे। तिहार लगत्तै यो चलचित्रको छायांकनमा जाने तयारी गरिएको छ।

# चलचित्र 'बिच्छेद'को गीत 'गाजले' सार्वजनिक

**म्यूजिक खबर/काठमाडौं**

मङ्सिर ८ मा रिलिज हुने चलचित्र 'बिच्छेद'को गीत सार्वजनिक भएको छ। 'गाजले' शीर्षकको गीतमा राम अविरल बिस्टको शब्द रचना, एसडी योगीको सङ्गीत तथा योगी र ऋतिका श्रेष्ठको स्वर रहेको छ। चलचित्रका प्रमुख कलाकारहरू मुकुन भुसाल र लक्ष्मी बर्देवा फिचर्ड गीतमा प्रेम भाव प्रकट गरिएको छ। यसका कोरियोग्राफर सुरेन बसेल हुन्।

अभिनयमा उम्दा कलाकारहरू भुसाल र बर्देवाले यसअघि चर्चित चलचित्र 'बुलबुल'मा एकसाथ अभिनय गरेका थिए। यस चलचित्रबाट लामो समय एकसाथ नदेखिएको यो जोडीले पुनः पहिचान प्राप्त गर्ने अपेक्षा गरिएको छ।

निर्देशक सत्यराज चौलागाईंका अनुसार 'बिच्छेद' नेपाल रिलिजसँगै अन्य विभिन्न मुलुकहरूमा समेत एकसाथ प्रदर्शनको तयारी भइरहेको छ। अभिनेता मुकुन भुसालले लेखेको कथामा निर्देशक चौलागाईंले पटकथा लेखेका छन्। गाउँले परिवेशमा आधारित रहेको यो चलचित्रको छायांकन रामेछापको एक गाउँमा गरिएको छ। मुकुन र लक्ष्मीका अलावा यस चलचित्रमा सुष्मा निरौला, प्रिया रिजाल, लय सङ्ग्रौला, हिउँवाला गौतम, सरिता राजोपाध्याय, लक्ष्मीनाथ तिमिल्सिना, जीवन थापा, जयराम सापकोटा लगायतका कलाकारहरूको अभिनय रहेको छ। संकल्प भुजेलको छायांकन, भूपेन्द्र अधिकारी को सम्पादन रहेको छ। समीर मियाको भिएफएक्स, किरण तुलाधरको ब्याकग्राउन्ड स्कोर र रेनिश फागोको कलर ग्रेडिङ रहेको छ।



चलचित्रका गीतमा एसडी योगी, सुरज थापा र आशिश महरको सङ्गीत, सत्यराज चौलागाईं र राम अविरल विष्टको शब्द रचना रहेको छ भने एसडी योगी, सुनिता थेगिम, ऋतिका श्रेष्ठ, सुरज थापा र आशिश महरको स्वर रहेको छ।

चलचित्रका निर्माताहरू राज कुमार पण्डित, दिमेश श्रेष्ठ सुवास राई र सावित्री बज्राचार्य हुन्। सह निर्माता प्रबिन राजथला हुन्। नवीन पुरीले प्रोडक्शन डिजाइन गरेको यस चलचित्रलाई काठमाडौं उपत्यकामा रिच इन्टरटेन्मेन्ट र उपत्यका बाहिर एफडी कम्पनीले वितरण गर्दैछन्।

# तामाङ संस्कृतिमा आधारित फिल्म 'चारदाम'को पोस्टर सार्वजनिक




**म्यूजिक खबर/इटहरी**

नेपालिहरूको महान पर्व दशैंको अवसर पारेर फिल्म 'चारदाम'को पोस्टर सार्वजनिक गरिएको छ। तामाङ जातीको लोपोन्मुख हुँदै गएको भाषा, लिपि, भेषभुषा, कला, संस्कार र संस्कृतीको संरक्षण तथा सम्बर्द्धन गर्ने उद्देश्य सहित निर्माण गरिएको चारदामको ४ पोस्टर निर्माण युनिटले सार्वजनिक गरेको हो। सार्वजनिक पोस्टरहरूमा फिल्मका प्रमुख कलाकारहरूलाई अटाइएको छ। मोहन लोप्चन तामाङ प्रस्तुतकर्ता रहेको चारदाम फिल्म कोशी भिजनको ब्यानरमा निर्माण गरिएको हो।

यो फिल्मको यतिबेला पोस्ट प्रोडक्सनको काम अन्तिम चरणमा पुगेको फिल्मका लेखक तथा निर्देशक लाखमान योन्जन तामाङले जानकारी गराए। उनका अनुसार चाडैं इटहरीको इलाइट सिनेमा हलमा विशेष प्रदर्शनी गरिने तयारी भैरहेको छ। आउँदो तिहार अगाडि नै ट्रेलर र एक गीत सार्वजनिक गर्न लागेको फिल्म युनिटले 'चारदाम'को सम्पूर्ण डिजिटल राइट्स ओएसआर डिजिटललाई बिक्री गरेको छ। यो फिल्मलाई आगामी मङ्सिरको पहिलो साता देशव्यापी प्रदर्सन गर्ने निर्माण युनिटको योजना रहेको छ।

भोजपुर र सुनसरीको विभिन्न स्थानमा छायांकन गरिएको यो फिल्ममा ३ ओटा गीत समावेश छ। फिल्म 'चारदाम'मा सुकुमाया मोक्तान तामाङ, सुवास योन्जन तामाङ, शान्ती पाख्रीन, मदन राई, पुर्ण लिम्बू, मोहन लोप्चन, मेनुका राई, कुमारी लिम्बू, सुम्निमा तामाङ लगायत कलाकारहरूको अभिनय रहेको छ। चारदाममा दिपक लिम्बू र मुना ठटालले गीत गाएका छन् भने प्रेम कृष्ण बजगाईले संगीत गरेको गीतमा बजगाई र निर्देशक लाखमानको शब्द समावेश गरिएको छ। गीतहरूमा एरेन्ज राजु कार्की र जोनी तामाङले गरेका छन्। चारदाम फिल्ममा सुमन तामाङको छायांकन तथा हेमन तामाङको सम्पादन रहेको छ।



# कोलकाताको डेल्फिक सांस्कृतिक सम्मेलनमा नेपाली ढाका टोपीको रौनक



**म्यूजिक खबर/काठमाडौं**

भारतको कोलकातामा अन्तर्राष्ट्रिय डेल्फिक सांस्कृतिक सम्मेलन सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय डेल्फिक काउन्सिलको आयोजना तथा इन्डियन डेल्फिक काउन्सिल र वेस्ट बङ्गाल डेल्फिक काउन्सिलको सहकार्यमा अक्टोबर १२ देखि १४ सम्म भएको सो सम्मेलनमा नेशनल डेल्फिक काउन्सिल नेपालले पनि सहभागिता जनाएको छ ।

सम्मेलनमा सहभागी नेपाल डेल्फिकका अध्यक्ष श्रीदेव बिएलले नेपालको कला, संस्कृति, भाषा तथा कलाका विविध आयामहरूका बारेमा विश्वभरका डेल्फियनहरूमाझ प्रवर्धन गरेको बताए । सो अवसरमा विश्वभरका कला तथा संस्कृति अभियन्ताहरूलाई नेपालको भौगोलिक विविधतासँगै सांस्कृतिक विविधताको बारेमा पनि विशेष समय लिएर जानकारी गराएका थिए । नेपाल डेल्फिकको तर्फबाट नेपालको कला, संस्कृति, प्रमुख चाडपर्वहरू, प्रचलनहरू तथा संस्कारहरूका बारेमा प्रस्तुतिसहित नेपालको परिचय दिइएको थियो । नेपाल डेल्फिकका अध्यक्ष बिएलले सम्मेलनमा सहभागी सबैलाई नेपालको मौलिक 'नेपाली ढाका टोपी' र रूद्राक्ष लगाइदिई यसको महत्वबारे प्रकाश पारेका थिए । सो अवसरमा इन्डियन डेल्फिक काउन्सिलका तर्फबाट नेपाल डेल्फिकलाई सिद्धार्थ गौतम बुद्धको पेन्टिङ प्रदान गरिएको थियो । पेन्टिङ प्रदान गर्दै ज्ञानको खोजीमा पहिले नेपालबाट भारत आएका गौतम बुद्ध अब नेपाल फर्किन लागेको बताइएको थियो ।

सो सम्मेलनमा अन्तर्राष्ट्रिय डेल्फिक काउन्सिलका महासचिव रमेश प्रसन्ना सहित जर्मनी, संयुक्त राज्य अमेरिका, बेलायत, ग्रिस, क्यानडा, फिलिपिन्स, मलेसिया, फ्रान्स, बङ्गलादेश, इन्डोनेसिया, इटाली, अस्ट्रेलिया, टर्की लगायत भारतका सबै राज्य काउन्सिलका सदस्यहरू, भारतका सरकारी उच्च पदाधिकारीहरू, भारतका लागि विभिन्न देशका राजदूतहरू, तथा स्थानीय एवम् बलिउडका चलचित्रकर्मीहरू र सङ्गीतकर्मीहरूको उपस्थिति थियो । सो सम्मेलनमा वेस्ट बङ्गाल सरकारले सहकार्य गरेको थियो । सरकारका तर्फबाट वेस्ट बङ्गालका विधायक तथा अभिनेता मदन मित्राले सम्पूर्ण डेल्फियनहरूलाई सत्कार गरेका थिए । नवरात्रीको समयमा वेस्ट बङ्गालमा हुने विशेष दुर्गा पूजाको विश्वव्यापी प्रवर्द्धन गर्ने उद्देश्यले तथा पर्यटन प्रवर्द्धनका लागि त्यहाँको राज्य सरकारले यो सम्मेलनको आयोजना सहकार्य गरेको थियो ।

अन्तर्राष्ट्रिय डेल्फिक काउन्सिलले विश्वभरि सांस्कृतिक र कलात्मक गतिविधिहरूलाई प्रवर्द्धन र संरक्षण गर्दछ। यसले कलासँग सम्बन्धित प्राचीन तथा नयाँ आयामका खेलहरूको प्रतियोगिताहरू आयोजना गर्नुका साथै चलचित्र, सङ्गीत तथा कलाका विभिन्न आयामहरूको खोजी र प्रवर्द्धनमा कार्य गर्दछ । डेल्फिक काउन्सिल नेपालसहित विभिन्न १५० भन्दा धेरै देशहरूमा सक्रिय छ ।

# राजेपायलको आवाजमा 'हे हर्क अघि बढ पछि नफर्क'

**म्यूजिक खबर/काठमाडौं**

श्रमसंस्कृतिको शहरको रूपमा अन्तरास्ट्रियस्तरमाधरानलाईचिनाउनुहुने धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङप्रति समर्पित गरेर तयार पारिएको "हे हर्क अघि बढ पछि नफर्क" बोलको गीत म्युजिक भिडियोसहित एक कार्यक्रमका बीच सार्वजनिक गरिएको छ ।

एक समारोह बीच धरान ८ बराह मलस्थित फ्रेन्ड्स सिनेमा हलको पर्दामा भिडियो सार्वजनिक गरिएको थियो । सेवक अभियानका संयोजक राजिब हलवाईको रचना तथा निरज श्रेष्ठको संगीत रहेको उक्त गीतमा चर्चित गायक राजेश पायल राईले स्वर रहेको छ । उक्त गीत सिल्भर इन्टरटेन्मेन्टको अफिसियल युट्युब च्यानलबाट विश्वव्यापी रिलिज गरिएको हो । गीत सार्वजनिक कार्यक्रममा मेयर हर्क साम्पाङ आफ्नो परिवारसहित सहभागी थिए भने उपमेयर अइन्द्रबिक्रम बेघा, नायिक रेखा लिम्बु, गीतकार मीना सिंगकसहित श्रमदाताहरूको ठुलो संख्यामा उपस्थिति रहेको थियो ।

सिल्भर इन्टरटेन्मेन्टका निर्देशक सौरभ श्रेष्ठको परिकल्पना र आग्रहमा एकै रातमा गीत लेखेको र यो गीत मेयर साम्पाङ्गको अहिले सम्म गरेका काम तथा गतिबिधि संगै वहाँलाई सुझाव समेत दिने प्रयास गरेको गीतकार हलवाईले बताए । मेयर साम्पाङको श्रमअभियान र विकासको कार्यबाट आफु प्रभावित भएर गीतको माध्यमबाट




योगदान दिने प्रयास गरेको उनले बताए । गीतको म्युजिक भिडियोले मेयर साम्पाङ निवार्चित भएको, सपथ ग्रहण गरेको र त्यसपछि खानेपानी, वृक्षारोपण, लगायत कार्यमा भएको श्रमदान अभियान, लागुपदार्थ दुर्व्यसन बिरूद्धको अभियान को दृष्यहरूलाई कैद गरिएको छ ।

मेयर साम्पाङ्गको काम बाट प्रभावित रहेको बताउंदै यो गीत श्रमदाताहरू प्रति समर्पित रहेको गायक राजेशपायल राईले सोही कार्यक्रममा भिडियो म्यासेजमार्फत दिएका थिए ।

मेयर साम्पाङले गीत संगै भिडियो राम्रो बनेको प्रतिक्रिया दिए । आफुले धेरै गीतहरू लेखेको छु , गाएको छु तर कलाको पारखी हुन र थुप्रै फिल्महरू हमा हेरियो तर आफ्नै फिल्म गीत मार्फत हेर्दा आँखामा आँशु आएको बताउंदै भावुक भएर भने श्रमदान अभियानलाई श्रमक्रान्तिकोरूपमा अघि बढाउन सकेको भन्दै मेयर साम्पाङले पौरखी श्रमदाताहरूलाई धन्यवाद पनि दिए । उनले हर्क अब आफ्नो एक्लो नाम नभएको र देश उठाउन परिश्रम गर्ने व्यक्तिको नाम भएको पनि बताए र यस्ता धेरै हर्कहरूले जन्म लिनुपर्ने बताए ।

उपमेयर अइन्द्रबिक्रम बेघाले पनि गीतले धरानमा के हुदैछ र धरानको पहिचान कस्तो बनाउदैछौं भनेर भिडियोले प्रष्ट पारेको बताए । संसार श्रमले नै बनेको धारणा गर्दै उनले श्रमलाई सम्मान गर्नुपर्ने र श्रम सँस्कृतिको वास्ताविकता तथा शक्तिको उजागर धरानबाट भएको पनि बताए । सिल्भर इन्टरटेन्मेन्टको निर्माण रहेको म्युजिक भिडियो मा भुपेन्द्र लिम्बु तुम्बाहाम्फे, एडम लिम्बु, फुर्वा चुक्टे शेर्पा, राजेश शाक्य (टोनीं ) र कमानसिंह राईको छायाँन्कन रहेको म्युजिक भिडियोको सम्पादन एडम लिम्बुले गरेका हुन् ।


## बर्गीकृत विज्ञापन

### रेकर्डिङ स्टुडियोहरू

१. राग रेकर्डिङ स्टुडियो
न्यूप्लाजा, काठमाडौं फोनः ९८५१२५६६६६

२. आलाप म्यूजिक रेकर्डिङ स्टुडियो
सामाखुशी, काठमाडौं । फोनः९८४९१५५०९७

३. स्टुडियो अडियो ल्याब
अनामनगर पूर्वीगेट, फोनः ९८६३३३१०८०

४. एम.बी. म्यूजिक रेकर्डिङ स्टुडियो
कपुरधारा, काठमाडौं फोनः ९८४१८७९१०५

५. मारुनी डिजिटल रेकर्डिङ स्टुडियो
उत्तरढोका, काठमाडौं फोनः ९८५११४६१५६, ९८१०९३५९५४, ९८०३६९५९००

५. मेलोडी नेपाल रेकर्डिङ स्टुडियो
अनामनगर, काठमाडौं । फोनः ०१-४१०२६४३, ९८५१२३९३०७, ९८४३२९६७५१, ९८४१६९५२८४, ९८४७४२५२६०,

६.प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं, फोनः ०१-४२६८६१४

### एरेन्जर

- सुदीप सागर, फोनः ९८५११८८२३७
- झलक संगीतम्, फोनः९८४९१५५०९७
- आशिष अबिरल, फोनः९८५१२५६६६६
- विपिन आचार्य, फोनः९८४१८७९१०५

### दोहोरी साँझ

- गाउँले रोधीघर
  मित्रनगर, नयाँबसपार्क
- चाँदनी रोधी नाचघर,
  मित्रनगर, नयाँबसपार्क
- डाँडाघरे रोधीघर एण्ड क्लब
  मित्रनगर, नयाँबसपार्क

### भिडियो निर्माण कम्पनी

- गुरुआमा फिल्म्स प्रा.लि.
  अनामनगर, काठमाडौं । फोनः९८४१११६२६७
- साइभिजन प्रा.लि. अनामनगर
  फोनः ४१०२६८४/९८५१११२६४९
- श्रीराज इन्टरटेनमेन्ट, कपुरधारा
  फोनः ९८५१२३८२२३

### संगीत प्रशिक्षण केन्द्र

- साधना कला केन्द्र, पुतलीसडक
  फोनः ४४४०२२८/४४४०१६८

### बर्गीकृत विज्ञापनका लागि

९८५१००७४३०
९८४१७१०७५१

# पर्वत फलेवास पर्यटकीय संस्कृति एवं काव्ययात्रा सम्पन्न




म्यूजिक खबर/काठमाडौं

सिर्जना र साहित्यका माध्यमबाट पर्यटन प्रवर्द्धनमा जोड दिने उद्देश्यका साथ कालीभक्त पन्त स्मृति प्रतिष्ठान, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज केन्द्रीय सांस्कृतिक समिति र अनेसास नेपाल च्याप्टरको आयोजनामा दुई दिने 'पर्वत फलेवास पर्यटकीय संस्कृति एवं काव्ययात्रा' सम्पन्न भएको छ ।

नेपाल चयाप्टरका अध्यक्ष राजेन्द्र केसीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको प्रमुख अतिथि फलेवास नगरपालिकाका नगरप्रमुख गंगाधर तिवारी रहनु भएको थियो। कार्यक्रममा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) केन्द्रका पूर्व केन्द्रीय अध्यक्ष राधेश्याम लेकाली, अनेसासका वर्तमान वरिष्ठ उपाध्यक्ष सर्वज्ञ वाग्ले, उपाध्यक्ष रेणुका सोलु, केन्द्रीय सदस्य सरिता अर्याल, अनेसास सांस्कृतिक समितिका संयोजक एवं कालीभक्त पन्त स्मृति प्रतिष्ठानका अन्तर्राष्ट्रिय संयोजक महेश्वर पन्त, अनेसास नेपाल च्याप्टरका निवर्तमान अध्यक्ष सन्ध्या पहाडी, फलेवास वडा नं ६ का अध्यक्ष नवीनकुमार श्रेष्ठ, प्रतिष्ठानका संरक्षक गोविन्द पन्त (कालीभक्त पन्तका साहिला छोरा) को विशेष उपस्तिथि रहेको थियो ।

कार्यक्रममा साहित्यकार महेश्वर पन्तको कवितासङ्ग्रह "उडेको पैताला"को लोकार्पण प्रमुख अतिथि गंगाधर तिवारीले गर्नु भएको थियो भने सो कृतिको समीक्षात्मक मन्तव्य साहित्यकार सुरेन्द्र अस्तफलले गर्नु भएको थियो ।सो कार्यक्रममा कार्यक्रमको उदेश्य र महत्वमाथि साहित्यकार महेश्वर पन्तले प्रकाश पार्दै अतिथिहरूलाई स्वागत गर्नु भएको थियो । कार्यक्रममा अध्यक्ष राजेन्द्र के.सी., प्रमुख अतिथि गंगाधर तिवारी, अनेसासका पूर्व केन्द्रीय अध्यक्ष राधेश्याम लेकाली, वर्तमान वरिष्ठ उपाध्यक्ष सर्वज्ञ वाग्ले, उपाध्यक्ष रेणुका सोलु, केन्द्रीय सदस्य सरिता अर्याल, अनेसास नेपाल च्याप्टरकी निवर्तमान अध्यक्ष सन्ध्या पहाडी, सञ्चारकर्मी आर के अदीप्त गिरी लगायतले आआफ्नो शुभकामना मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा अनेसास नेपाल च्याप्टरकी निवर्तमान उपाध्यक्ष साहित्यकार गीता कार्कीको सभापतित्वमा सम्पन्न कविता वाचन कार्यक्रममा विभिन्न कविहरूले आआफ्नो




रचना वाचन गर्नु भएको थियो । सो कार्यक्रममा अनेसास नेपाल च्याप्टरका कार्यसमिति सदस्यहरू दुर्गाबहादुर शाह 'बाबा', इन्दिरा ढकाल, साहित्यकारहरू मदनकुमार थापा, सदस्य दुर्गाबहादुर शाह 'बाबा', विक्रमभक्त जोशी, गणेश श्रमण, रमेश दाहाल, उदय अधिकारी, लेखराम सापकोटा, पदम अर्याल, सूर्यप्रकाश कंडेल, देवेन्द्र केसी 'देबु', सरस्वती गौतम, आरजु विष्ट सल्यानी, आर. के. अदीप्त गिरी, असफल गौतम, दुर्गा अधिकारी, मनिला वन्त, गीतकार प्रकाश सुवेदी लगायतको उपस्थिति रहेको थियो ।

यसैगरी कार्यक्रममा वरिष्ठ लोक गायक विमलराज क्षेत्री, वरिष्ठ संगीतकार नरहरि प्रेमी, गायिका ऋतु कँडेलको सांगीतिक प्रस्तुतिसमेत रहेको थियोभने मध्यरातसम्म स्थानीय कलाकारहरूको सहभागीतामा दोहोरी गीत र नृत्य प्रस्तुत भएको थियो । शुभकामना दिने क्रममा नगरप्रमुख गंगाधर तिवारीले सर्जक तथा साहित्यकारहरूलाई स्थानीय तहहरूमा ल्याएर कार्यक्रम गर्दा सो ठाउँको बारेमा प्रभावकारी प्रचारप्रसार हुने हुँदा यस्ता कार्यक्रम बेलाबखत ७५३ वटै स्थानीय तहहरूले आफ्नै पहलमा पनि गर्नुपर्ने कुरामा जोड दिँदै आफ्नो कार्यकालमा निरन्तरता दिनेसमेत प्रतिबद्धता जाहेर गर्नुभएको थियो ।

कार्यक्रम पर्वतको फलेवासमा रहेको 'कालीभक्त पन्त स्मृति प्रतिष्ठान' को संयोजनमा प्रतिष्ठानकै हलमा सम्पन्न भएको हो । दशैं–तिहार मनाउने सिलसिलामा अमेरिकाबाट नेपाल आउनुभएका अनेसास बोष्टन च्याप्टरका अध्यक्ष महेश्वर पन्तको व्यवस्थापन र संयोजनमा सम्पन्न कार्यक्रमको सञ्चालन मुक्तककार निशा केसीले गर्नुभएको थियो । साहित्यकारहरूलाई पर्वतका विभिन्न ठाउँको अवलोकन भ्रमण गराइएको सो कार्यक्रममा स्थानीयहरूको बाक्लो उपस्थिति थियो । फलेवास बरको डाली आमा समूह र स्थानीयहरूको व्यवस्थापनमा पाहुनाहरूलाई खाने बस्ने व्यवस्था गराइएको थियो ।

# चलचित्र...अन्जिला'को छायांकन सुरू



म्यूजिक खबर/काठमाडौं

महिला राष्ट्रिय फुटबल टिमकी नम्बर एक गोलरक्षक एन्जिला तुम्बापो सुब्बाको जीवनबाट प्रभावित रहेको चलचित्र 'अन्जिला'को छायांकन सुरू भएको छ । मिलन चाम्सले निर्देशन गर्ने यो चलचित्रको सोमबार एन्जिलाकै जन्मथलो इलामको आइतबारे बजारमा शुभमुहुर्त गरी छायांकन सुरू भएको हो । इलाम, झापा र काठमाडौंमा यस चलचित्रको छायांकन हुनेछ । पहिलो दिन कलाकारहरू माओत्से गुरूङ र सिर्जना सुब्बाको दृश्यसँगै छायांकन सुरू भएको हो ।

यो चलचित्रमा एन्जिला स्वयंको मुख्य भूमिका रहनेछ । खेलमा पोख्त एन्जिला पहिलो पटक अभिनयको पनि अनुभव बटुल्दै छिन् । उनीसँगै यसमा दयाहाङ राई, मिरूना मगर, सिर्जना सुब्बा, पशुपति राई, माओत्से गुरूङ, बुद्धि तामाङ, विजय बराल, हरि खड्का लगायतको पनि अभिनय रहनेछ ।

एन्जिलाको बालापनदेखि खेल जीवनसम्मको कथामा उनले फुटबलर बन्नका लागि गरेको सङ्घर्ष र सफलताको कथालाई चलचित्रमा जोड दिइने निर्देशक चाम्सले जानकारी दिए । सफल खेलाडी बन्नु अगाडि एन्जिलाले धेरै दु:खहरू भोगेको र इच्छाशक्ति भएदेखि‍ असम्भव भन्ने कुरा नहुने सन्देश चलचित्रले दिने चाम्सले बताए । निर्देशक चाम्सले यो चलचित्र ठ्याक्कै एन्जिलाको बायोपिक भने नभएको बताए । उनले ७५ प्रतिशत एन्जिलाकै जीवनी हुने तर बायोपिक भने नहुने बताए ।

निर्माता प्रेम कुमार श्रेष्ठले एन्जिलाको कष्टकर बाल्य जीवनदेखि सफलतासम्मको कथालाई चलचित्रमा देखाइने बताए । १४ वर्षदेखि एन्जिलाको अभिभावकत्व ग्रहण गर्दै आएका उनले शिक्षा–दिक्षादेखि खेलाडी बनाउने सहमतिमा हस्ताक्षर गरेर एन्जिलालाई मोरङबाट काठमाडौं ल्याएका थिए । श्रेष्ठले एन्जिलाको सङ्घर्ष र सफलताको कथाले धेरैलाई इन्स्पायर गर्छ भन्ने लागेर चलचित्र बनाउन लागेको बताए ।

२०५३ मा पाँचथर जिल्लाको फाक्तेपमा जन्मिएकी एन्जिलाले १३ वर्षको उमेरदेखि नै फुटबल खेल्न सुरू गरेकी थिइन् । सन् २०१४ मा श्रीलंकामा सम्पन्न एएफसी यु–१४ गर्ल्स रिजनल ट्रफीबाट अन्तर्राष्ट्रिय प्रतियोगितामा डेब्यू गरेकी उनी २०१४ बाट राष्ट्रिय टिममा परेकी थिइन् । तर, उनी २ वर्ष बेन्चमै सीमित भइन् । त्यसयता भने उनी महिला राष्ट्रिय फुटबल टिमको भरपर्दी गोलरक्षक बनेकी छन् । एन्जिला पल्सर स्पोर्टस् अवार्ड २०७७ को पिपुल च्वाइस अवार्डको मनोनयनमा समेत परेकी थिइन् । यो विधामा मनोनयनमा पर्ने एन्जिला फुटबलकी एक मात्र खेलाडी हुन् ।

एन्जिला ओलम्पिक क्वालिफाईङ राउन्डमा दोस्रो राउन्डसम्म खेल्ने पहिलो महिला गोलरक्षक हुन् । यसैगरी उनी चीनमा भएको एसियन गेम्स खेल्ने, हिरो गोल्डकपमा भारतलाई जित्ने, साफको सेमिफाइनलमा भारतलाई जित्ने पहिलो गोलरक्षक र क्याप्टेन हुन् । उनी साफको सिल्भर मेडलिष्ट गोलरक्षक हुन् भने श्रीलंकामा भएको साउथ रिजनल जोन टुर्नामेन्टमा भारत, इरान, भुटान, ताजकिस्तान र श्रीलंकालाई जितेर पहिलो पटक गोल्ड मेडल ल्याउने गोलरक्षक हुन् । पाकिस्तान लिगमा उनी गोलरक्षक रहेर पनि दुई गोल गरेकी थिइन्, जुन गोलरक्षक खेलाडीको इतिहासमा पहिलो बनेको थियो ।

यस चलचित्रमा प्रदीप भारद्वाज र यम थापाको लेखन रहेको छ भने पटकथामा मुख्य सहायक निर्देशक गिरिराज घिमिरेले साथ दिएका छन् । सुदीप बरालको डिओपी रहने यसका सम्पादक मिलन श्रेष्ठ हुन् । मुन लभ इन्टरटेन्मेन्टको ब्यानरमा बन्न लागेको चलचित्रका निर्माता प्रेम कुमार श्रेष्ठ हुन् भने विनोद अग्रवाल र राजेश बागादिया सह–निर्माता हुन् । विनोद सुवेदी खत्री निर्माण नियन्त्रक हुन् ।

प्रोप्राईटर
बिमल साह
मो. ९८६३६८९५९६
९८१६८१९९९५
Tunning Master
श्री पशुपतिनाथ हारमोनियम मर्मत तथा बिक्री केन्द्र
सिनामंगल, ताराहल चोक, काठमाण्डौ
भोकलको लागि स्पेशल ट्यूनिङ गरिन्छ ।
नोट:- यहाँ पुरानो हारमोनियम, तबला, गितार, मादल लगायत म्युजिकका सबै समानहरु ग्यारेण्टिका साथ मरम्मत गरिनुका साथै नयाँ बिक्रि पनि गरिन्छ ।
होम डेलिभरीको पनि व्यवस्था छ ।
Email: bimalshah300@gmail.com

गायक बन्ने कि संगीतकार
टेन्सन भयो ?
नआत्तिनुस् !
संगीत सिक्नुस् !
अब स्पेशल कोर्षमा रू.2000। छुट
ग्यारेन्टीका साथ सिकाउने ठाउँ
यहाँ गायन, वाद्यवादन (गीतार, हारमोनियम, तबल, पियानो, भायोलिन, मादल र सारङ्गी लगायतका विधाहरु) सिकाइनुका साथै गीत संगीत सम्बन्धी सम्पूर्ण कार्यहरु गरिन्छ।
"संगीत सिकौं स्वस्थ र समृद्ध बनौं"
श्रुति संगीत विद्यालय
अनामनगर, काठमाडौं सम्पर्क: ९८५१००८५४५, ९८४१५६६५५८

# जुगल र कर्माको गीतिसङ्ग्रह …कर्मा थाईल्यान्डमा बिमोचन




म्यूजिक खबर/काठमाडौं

संगीतकार जुगल डँगोलको संगीतमा नयाँ गीतिसङ्ग्रह 'कर्मा' श्रोतामाझ आएको छ। जसमा गीतकार कर्माको एकल रचना रहेको छ। थाई नेपाली संघले थाईल्यान्डमा एक कार्यक्रम बीच यो गीतिसङ्ग्रहलाई सार्वजनिक गरेको छ। थाली नेपाली संघको प्रस्तुति रहेको यो गीतिसँग्रहलाई थाई नेपाली संघका अध्यक्ष बासना राईले एक समारोहबीच सार्वजनिक गरेकी हुन्।

थाईल्यान्डमै बसोबास गर्दै आएका नेपाली भाषी थाई कलाकारहरूको यो सङ्ग्रहमा बाहुल्यता रहेको छ। सङ्ग्रहमा पाँच वटा गीत रहेको छ। यी सबै गीतहरू कर्माले रचना गरेका हुन्। गीतकार कर्मा पनि थाईल्यान्ड बासी नै हुन्।

विमोचन समारोहमा सो संघका संरक्षक कुमार कार्कीले सङ्ग्रहका गायक गायिकाको प्रशंसा गर्दै भ्वाईस अफ नेपाल, मेरो भ्वाईस युनिभर्स जस्ता थुप्रै अन्तराष्ट्रिय नेपाली गायन रियालिटी शोमा थाईल्यान्डका नेपाली भाषी गायक गायिकाहरूले आफ्नो राम्रो प्रस्तुति दिईसकेको बताए। नेपाली भाषीहरू जहाँ रहे पनि उनीहरूले आफ्नो भाषा, भेषभुषा, धर्म सँस्कृति र परम्पारलाई सँधै जोगाएर अघि बढाउने गरेको सो संस्थाका संरक्षक तथा पूर्व अध्यक्ष कार्कीले बताए।

सो संघकी अध्यक्ष वासना राईले पनि आफुहरूले थाईल्यान्डमा रहेका नेपाली कलाकार हरूको प्रोत्साहनको लागि यो गीतिसङ्ग्रह प्रस्तुत गरेको बताईन्। बिमोचन समारोहमा बोल्दै कर्माले विदेशमा रहेर पनि राम्रो नेपाली गीतहरू हामी ल्याउन सक्छौं भन्ने उदाहरणको लागि पनि यो गीतिसङ्ग्रह बजारमा ल्याएको बताए। आफुहरूले आगामी दिनमा पनि नेपाली भाषी प्रतिभाहरूलाई प्रोत्साहन गर्ने पनि उनले कार्यक्रममा जनाए।

पछिल्लो समय एकल गीत सार्वजनिक गरिँदै आएको बेला यो सङ्ग्रहमा पाँच वटा गीत राखिएको संगीतकार जुगलले बताएका छन्। सँग्रहमा म तिमीलाई सम्झि रहन्छु..., जीवन एक सँघर्ष हो..., पुर्खाको देश..., हेर मेरो आँखामा... र थाई नेपाली संघको शीर्ष गीत रहेको छ।

यो सङ्ग्रहको गीत मध्य एउटा गीत 'नेपालबाट' गायक शिव परियार गाएका छन्। अर्को गीत 'हेर मेरो आँखामा'लाई नेपाली गायिका केन्जुमा सुब्बा र थाईल्यान्डका कलाकार पुनराम भण्डारीले गाएका हुन् भने यो गीत केन्जुमाले नै लेखेकी हुन्। यो सँग्रहका गीतहरू म्युजिक भिडियो भने चाँडै बनाएर क्रमश रिलिज गर्दैजाने संगीतकार जुगल डँगोलले बताएका छन्। बाँकी अरू गीतमा थाईल्यान्डका कलाकारहरू अश्विन कुमार तामाङ, विक्की सेन्चुरी, राजा सुवेदी, चेस्टर लिम्बुको स्वर रहेको छ।

# बिष्णाविरहीको…गरिमा लोकार्पित




म्यूजिक खबर/काठमाडौं

साहित्यिक पत्रकार सङ्घ (सापस)द्वारा आयोजित एक कार्यक्रममा उपन्यासकार बिष्णा विरहीको दोस्रो उपन्यास 'गरिमा'को लोकार्पण गरियो। प्रमुख अतिथि प्रा.डा. सुरेन्द्र केसी, आयोजक संस्थाका अध्यक्ष राधेश्याम लेकाली, समालोचकहरू प्रमोद प्रधान र डा. शान्तिमाया गिरी, उपन्यासकार विरही, सम्पादक विमल भौकाजी लगायतले पुस्तकको लोकार्पण गर्नुभएको थियो।

सङ्घका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि वरिष्ठ इतिहासविद् प्रा. डा. सुरेन्द्र के. सी. हुनुहुन्थ्यो। कार्यक्रममा प्रमुख अतिथि प्रा. डा. के.सी.ले नेपाली साहित्यमा अहिलेको समयमा नेपालीहरूले भोगिरहेका समस्याहरू, देशमा विद्यमान विकृति र विसङ्गतिहरू एवम् सामाजिक सद्भावमा देखिएका खतराहरूको प्रस्तुति र चित्रण हुनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रमका अध्यक्ष राधेश्याम लेकालीले नेपाली साहित्यको सही इतिहास लेख्ने हो भने नेपालभित्र लेखिएका साहित्यलाई मात्रै अध्ययन गरेर हुँदैन, त्यसका लागि भारत र अन्य देशहरूमा लेखिइरहेका साहित्यको अध्ययन गरेर समेट्नुपर्ने आवश्यकता औंल्याउनु भयो।

वरिष्ठ साहित्यकार एवम् समालोचक प्रमोद प्रधानले उपन्यासमा घटनाहरूको संयोजन, विविध पात्रहरूको प्रस्तुति र भाषाशैली महत्त्वपूर्ण भएको बताउँदै उपन्यासको उत्तरार्द्धभन्दा पूर्वार्द्ध सशक्त भएको धारणा राख्नुभयो। उहाँले उपन्यासको उत्तरार्द्धमा अलि फिल्मी प्रभाव देखिएको विचार राख्दै उपन्यासका दुई मूल पात्र भने उदाहरणीय महिला पात्रको रूपमा रहेको भनेर प्रशंसा गर्नुभयो। समालोचक डा. शान्तिमाया गिरीले घटनाहरूको तारतम्य मिलाउने कौशल उपन्यासकारमा प्रशस्त रहेको बताउनुभयो। पुस्तकका सम्पादक एवम् शारदा मासिकका सम्पादक विमल भौकाजीले यो उपन्यासबाट एउटा राम्रो चलचित्र बनाउन सकिने बताउनुभयो। उपन्यासकार बिष्णा विरहीले आफूले अढाई दशक अगाडि रक्सौलको डंकन अस्पतालमा देखेको एक बालिकालाई बिर्सन नसकेपछि अहिले सोही पात्रलाई लिएर उपन्यास लेखेको जानकारी दिनुभयो।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रीय महासचिव विमला निरौलाले विदेशी भूमिमा बसेर साहित्य सिर्जनाका लागि समय निकाल्न अत्यन्त कठिन भएको अवस्थामा उपन्यासजस्तो कृति तयार गर्नु आफैंमा उदाहरणीय कार्य भएको भन्दै शुभकामना दिनुभयो। साहित्यिक पत्रकार सङ्घका पूर्व अध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठले स्वागत भाषण र गायिका ऋतु कँडेलले स्वागत गीत प्रस्तुत गरेको उक्त कार्यक्रम कवि राजबाबु श्रेष्ठ सागरले संचालन गर्नुभएको थियो।

कार्यक्रमको उद्घाटन प्रमुख अतिथि केसीले पानसमा दीप प्रज्वलन गरेर गर्नुभएको थियो भने प्रमुख अतिथि र कार्यक्रमका अध्यक्षले उपन्यासकार बिष्णा विरहीलाई टीका, दोसल्ला, माला र मेडल लगाइदिएर सम्मान गर्नुभएको थियो। साथै कार्यक्रममा प्रमुख अतिथि, समालोचकहरू र पुस्तकका सम्पादकलाई मायाको चिनो प्रदान गरिएको थियो।


## बालबालिकाको खानपानः अभिभावकले दिनु पर्छ ध्यान

- बालबालिकालाई उमेर अनुसार पौष्टिक खाना खुवाऔं,
- आवश्यकता अनुसारको खाना खाएपछि थप खानाका लागि करबल नगरौं,
- प्राकृतिक स्वाद जस्तैः घ्यू, मह, दूध तथा स्थानीय खानाहरूको स्वाद भएको खानेकुरा खुवाऔं,
- पत्रुखाना (जंकफूड) को प्रयोग नगरौं,
- बालबालिकालाई अभिभावकसँगै राखेर खाना खुवाऔं,
- बालबालिकाको दैनिक खाना खाने समय निर्धारण गरी सोही समयमा खाना खुवाउने गरौं,
- परिवारका सदस्य एवं बालबालिकाले खाना खाने समयमा मोबाईल तथा टि.भी.को प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गीतमा आत्माको भाव




■ हरिराम पौडेल/म्यूजिकखबर

दर्शनशास्त्र र धर्मशास्त्रहरू अनुसार आत्मा जीवनको एउटा अङ्ग हो भनिन्छ भने श्रीमद्भागवत गीतामा 'हामी सबै आत्मा हौं शरीर त केवल नश्वर चिज हो, आत्मा नै मुख्य हो' भनिएको छ । 'जबसम्म शरीरभित्र आत्मा रहन्छ शरीरभरि जताततै चेनता प्रवाहित हुन्छ र हामी मानिसलाई जिवित देख्दछौं, आत्माले शरिर छोड्ने वित्तिकै शरिर मृत बन्दछ र त्यो केवल जलाउन, गाड्न तथा फाल्नका लागि मात्र योग्य हुन्छ' भन्ने पनि श्रीमद्भागवत गीतामा उल्लेख छ । मानव प्राणी जुन अलौकिक छन् मृत्यु पश्चात पनि आत्माको मृत्यु हुँदैन भन्ने धार्मिक मत रहेको छ ।

विज्ञानले आज सम्म यस बारे केही पनि पत्तो लगाउन सकेको छैन, किन भनें आत्माको जाँचको लागि कुनै पनि यन्त्रको आविष्कार अहिले सम्म भएको छैन । मृत्यु पश्चात के हुन्छ ? भन्ने बारेमा अनेकौं मान्छेहरूका आफ्नो आफ्नो विचारहरू छन्। धेरै नास्तिकहरू भन्छन् आत्मा जस्तो कुनै वस्तु छैन र ब्यक्तिको एकमात्र हिस्सा शरीर मात्र हो तर ऋषिहरू र योगीहरूले आत्माबारे आफुले योग गरेर जानेको र योबारे जानेपछि मृत्युको भयबाट मुक्त भएको भन्ने दाबी गर्ने गरेका छन् । गीतामा आत्मा अमर छ, शरिर मरेर गएपनि आत्मा उडेर गई अन्य कुनै शरिरमा समाबिष्ट हुन्छ भनिएको छ । यदि शरिरसंगै आत्माको परिवर्तन हुँदैन भने पनि फेरि किन जन्मेनन् ती हिटलर र मुसोलिनीका क्रुर आत्माका प्रतिबिम्बहरू ? अनि फेरि किन जन्म भएन शान्तिका दुत गौतम बुद्धहरू ? यी र यस्ता प्रश्नहरू हाम्रा मनमा पनि सलबलाइरहन्छन् ।

यी र यस्ता प्रश्नहरू गीतकार पुन्य चौलागाईका मनमा पनि उब्जिए । उनका मनमा उब्जेका यी भावहरू संगालेर उनले गीत लेखे । गीत गायिका तथा संगीतकार बबिना भट्टराई सम्म आइपुग्यो । उनले गीतका शब्दहरू केलाइन्, जति पढ्यो उति गहिरो भाव पाइन् गीतमा । उनले यो गीत गीतकारले भौतिक संसारभन्दा माथि उठेर लेखेको महशुष गरिन्, गहिरो भावका शब्दहरू, यथार्थताले भरिएका भावहरू अनि कतै अध्यात्म पनि जोडिए जस्तो अलौकिक । शब्दले उनको मन छोयो, उनले शब्दका भाव अनुरूप धुन भरिन् अनि गीत एरेन्जको लागि बलराम समालको सहयोग लिइन् । बलरामले गीतको भाव, मर्म अनि बबिनाले भरेकी लयलाई सुहाउँदो एरेन्ज गरेर गीत बबिनालाई जिम्मा लगाए । बबिनाले आफ्नै सुमधुर स्वरमा म्युजिक नेपालको स्टुडियोमा रेकर्ड गरिन् । गीत रेकर्डिङमा उनलाई साथ दिएका थिए नकुल कार्कीले, गीतलाई मिक्सिङ र मास्टरिङ गरेर अन्तिम रूप दिएका थिए प्रकाश खरेलले ।

अडियो तयार भए पछि बबिना यो गीतको भाव मिल्ने भिडियोको तयारीमा जुटिन्, उनको आफ्नै गायनको शैलीमा सुन्दर, शालिन अनि भद्र भावको भिडियो तयार भयो। बबिना भट्टराईको अफिसियल युटुव च्यानल मार्फत उक्त सन्देशात्मक एवं उत्प्रेरक गीत सार्वजनिक भयो । आँफूले लेखेको गीत यो रूपमा आउँदा गीतकार पुन्य चौलागाईले खुसी ब्यक्त गरेका छन् । उनले आफ्ना शब्दलाई बबिना भट्टराईले निक्कै मेहनतका साथ आफ्नै संगीतमा अत्यन्तै सुमधुर स्वरमा गाउनुको साथै भिडियोको सबै तारतम्य मिलाएर तयार गरेकीमा धन्यवाद व्यक्त गर्दै बबिनाको गायन, संगीत र भिडियो निर्माणमा दिएकी योगदानको प्रशंसा गरेका छन् । उनले भनेका छन् 'बबिनाले नगाइदिएकी भए सायद मेरो यो गीत डायरीको कुनै पानामा सिमित हुन्थ्यो होला अथवा हराएर, च्यातिएर वा नासिएर जान्थ्यो होला तर सुमधुर स्वर कि धनी बबिना भट्टराईले मेरो यो गीतलाई अमर बनाइदिएकी छिन्, मेरो गीत प्रतिको उनको यो लगाव, मेहनत र मायाका लागि म आभार ब्यक्त गर्दै बबिनाको सांगितिक यात्राको सफलताको कामना गर्दछु ।'

सुनेर गीतकार रमेश दाहालले पुन्य चौलागाईको यो गीत नेपाली गीतिलेखनमा नै एक विशिष्ट र फरक खालको गीत भएको र यस्ता गीतहरू नेपाली गीति क्षेत्रमा दुर्लभ रहेको बताउँदै गायिका तथा संगीतकार बबिना भट्टराईले यी गीतका शब्दहरूलाई अत्यन्त मार्मिक रूपमा, शब्दहरूको भाव बुझेर संगीत भरेकी र सोहि भावमा आफ्नो सुमधुर गलाले गाएकी बताएका छन् । पछिल्लो समय सस्तो लोकप्रियता कमाउने होडमा आइरहेका गीत भन्दा यो गीत शब्द, संगीत र स्वरमा पृथक रहेको उनको धारणा रहेको छ ।

यो गीतले आत्माको गहिराई र यसको भावनाहरू खोलेको छ भने मानव भावना र अनुभवहरूको रहस्य पनि यो गीतमा भेटिन्छ । गीतले आत्माको खोज र भित्री चिन्तनको सारलाई समेटेको छ, आत्माको अदृष्य भावप्रति गीतकारको कौतुहलता यो गीतमा पोखिएको छ ।

सुगम संगीत र भक्ति संगीतमा तल्लिन बबिनाका भगवान श्री कृष्णका भजनहरू काले काले कृष्ण, मधुराष्टकम्, महामन्त्रको रूपमा जपिने हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ..हरे राम हरे राम राम राम हरे हरे, अच्युतम् केशवम् रामानारायणम्, श्री कृष्ण गोविन्द हरे मुरारे, अच्युताष्टकम लगायत भगवान श्री राम, महादेव, हनुमान चालिसा, दुर्गा भजन, गायत्री मन्त्र लगायतका विभिन्न भजनहरू बीणा भक्ति युट्व च्यानलमा संग्रहित रहेका छन् भने उनका व्यवसायिक गीतहरू उनको आफ्नै 'बबिना भट्टराई' युट्व च्यानल मार्फत सार्वजनिक हुदै आएका छन् ।







म्यूजिक खबर पाक्षिकका लागि प्रकाशक/सम्पादक: सविता पोखरेल (९८४१७१०७५१), प्रधान सम्पादक: सुमन बैरागी (९८५१००७४३०), निर्देशक: मिलन मोक्तान (९८५१०२३५७६)
कार्यालय: कपुरधारा, काठमाडौं । फोन: ०१-४०१०५४५ इमेल: musickhabar .com@gmail .com, musickhabarnews@gmail .com, मुद्रण: लक्ष्मी गणेश प्रेस प्रा.लि. बागबजार काठमाडौं